# २०४०–४१

# २०४० साल आषाढ २६ गते
# अर्थ मन्त्री डा.यादव प्रसाद पन्तले
# दिनु भएको बजेट बक्तव्य
# (भाग–१)

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ

(नोट : यस आर्थिक बर्षको बजेट वक्तव्य भाग १ र भाग २ मा विभाजित छ। )

**अध्यक्ष महोदय,**

१.१ नेपाल अधिराज्यको आर्थिक वर्ष २०४०।४१ को आय–व्यय विवरण यस सदनमा पेश गर्न म उभिएको छु ।

१.२ श्री ५ महाराजाधिराज सरकारको सक्रिय नेतृत्वमा निर्दलीय प्रजातान्त्रिक पन्चायती व्यवस्थाले हासिल गरेको महत्वपूर्ण उपलब्धिहरु हाम्रा सामू विद्यमान छन् । पन्चायत एवं वर्गीय संगठनका विभिन्न तह र इकाईहरुको सफल निर्वाचनबाट पन्चायत पूर्णतया संगठित भएको कुरामा दुई मत छैन । विकेन्द्रीकरण ऐनको कार्यान्वयनले पन्चायतको संस्थागत विकासमा अरु आवश्यक टेवा पुग्न जाने छ र पन्चायत अब विकास प्रति पूर्णतया सकृय हुने स्थिति रहेको छ भन्ने कुरामा हामी सबै विश्वस्त छौं । यो राजनैतिक प्रकृयामा जन आकांक्षा अब आर्थिक विकास तर्फ बढी उन्मुख भएको छ । यस उपयुक्त वातावरणलाई सजगताका साथ उपयोग गरी जन आकांक्षा अनुरुप विकासका लक्ष्यहरु हासिल गर्न हामी सबै अग्रसर भएका छौं ।

१.३ मैले यस सदनमा केही दिन अघि आर्थिक सर्वेक्षण, २०३९।४० प्रस्तुत गरी सकेको छु । त्यसबाट माननीय सदस्यहरुमा देशको चालू वर्षको आर्थिक गतिविधिहरु वारे विस्तृत जानकारी भएकै होला भन्ने आशा राखेको छु । तसर्थ, देशको वर्तमान आर्थिक स्थितिवारे म यहां संक्षेपमा मात्र विवेचना गर्दछु ।

१.४ चालू वर्ष छैठौं योजनाको तेस्रो वर्ष हो । छैठौं योजनाको पहिलो दुई वर्ष देशको आर्थिक कृयाकलाप सन्तोषजनक रहेको थियो । आर्थिक वर्षहरु २०३७।३८ र २०३८।३९ मा कुल राष्ट्रिय आय क्रमशः करीब ६ प्रतिशतले र करीब ४ प्रतिशतले बढेको थियो । यी आर्थिक वर्षहरुमा कृषि उत्पादन क्रमशः करीब १७ प्रतिशत र करीब ४ प्रतिशतले वृद्धि भएको थियो भने औद्योगिक उत्पादन आर्थिक वर्ष २०३७।३८ मा करीब ३ प्रतिशतले घटेको र २०३८।३९ मा करीब १५ प्रतिशतले बढेको थियो । वैदेशिक सम्पत्ति कोषमा पनि क्रमशः रु. १९ करोड ४१ लाख र रु. ५० करोड १५ लाखले वृद्धि भएको थियो । यी वर्षहरुमा श्री ५ को सरकारको राजस्व क्रमशः करीब २९ प्रतिशत र करीब ११ प्रतिशतले वृद्धि भएको थियो ।

१.५ यसरी देशको अर्थ व्यवस्थाको हरेक क्षेत्रमा क्रमिक सुधार आइरहेको अवस्थामा चालू वर्ष हामीले दुर्भाग्यवस भीषण खडेरीमा सामना गर्नु पऱ्यो । हाम्रो जस्तो कृषि प्रधान देशमा खडेरी अर्थ व्यवस्थाको लागि साह्रै कष्टप्रद हुन्छ । यसबाट कृषि उत्पादन मात्र घट्न जाने नभई अर्थ व्यवस्थाको हरक्षेत्रमा प्रतिकूल असर पर्दछ । राष्ट्रिय साधनको आधार नै बिथोलिन्छ । परिणाम स्वरुप मूल्य वृद्धि, निर्यातमा ह्रास तथा राजस्वको उठ्तीमा कमी जस्ता समस्याहरु देखा पर्दछन् । आर्थिक वर्ष २०३६।३७ मा पनि लामो समयसम्मको खडेरीले गर्दा खाद्यान्नको उत्पादन १३ प्रतिशतले ह्रास हुन गई समस्या उत्पन्न भएको थियो । त्यस बखत पनि अर्थ व्यवस्थाले विभिन्न कठिनाईहरुको सामना गर्नु परेको थियो ।

१.६ अर्को तर्फ, अन्तर्राष्ट्रिय आर्थिक वातावरण पनि सुध्रन सकेको छैन । विश्व अर्थ व्यवस्था संकटकालबाट गुज्रिरहेको छ । विकसित देशहरु एकातिर आर्थिक मन्दी र बेरोजगारी जस्ता समस्याहरुले ग्रसित छन् भने विकासोन्मुख देशहरु आफ्नो निर्यात वस्तुहरुको मूल्यमा आएको ह्रास, निर्यात बजारको सीमितता, ऋण भुक्तानीको ठूलो दायित्व एवं आर्थिक विकासको लागि बढ्दो आयात जस्ता कठिनाईबाट ग्रसित छन् । विकसित देशहरुले समस्या समाधानको लागि चालेका कदमहरु पर्याप्त नभएकोले पनि विकासोन्मुख देशहरुको आर्थिक समस्या दिन दिनै जटिल हुँदै गएको छ ।

१.७ विश्व अर्थ व्यवस्थाको यस प्रतिकूल स्थितिबाट विकासोन्मुख देशहरुलाई उकास्न अन्तर्राष्ट्रिय समुदायबाट केही प्रयास नभएको पनि होइन । ब्रान्ट कमिशनको दोस्रो प्रतिवेदन, ७७ समूहको व्यूनस आयर्समा बसेको मन्त्रिस्तरीय वैठक र असंलग्न राष्ट्रहरुको शिखर सम्मेलनद्वारा पारित प्रस्तावहरु यस दिशामा यस वर्ष भएका प्रयासहरु हुन् । हालै मात्र पनि विश्व मार्थिक समस्यामाथि विचार गर्न विलियम्सवर्गमा विकसित सात राष्ट्रहरुको शीर्षस्थ वैठक भएको थियो । तर उक्त वैठक विकासोन्मुख देशहरुको आर्थिक समस्याप्रति सहानुभूति देखाउनु बाहेक वास्तविक समाधान तर्फ कुनै निष्कर्षमा पुग्न सकेको देखिएन । वेलग्रेडमा हालै सम्पन्न भएको छैठौं अन्कटाडमा पनि अन्तर्राष्ट्रिय व्यापार, वस्तुहरु सम्बन्धी सम्झौता, मुद्रा एवं वित्तीय व्यवस्था सम्बन्धी मुख्य मुख्य प्रश्नहरुको समाधान तर्फ ठोस प्रगति हुन सकेन ।

१.८ यसै परिप्रेक्षमा अब म देशको वर्तमान आर्थिक गतिविधिहरुको विवेचना प्रस्तुत गर्दछु । हाम्रा विगत वर्षका प्रयासहरु र अनुकूल मौसमले गर्दा केही वर्ष यता यर्थतन्त्रमा उत्साहवर्धक उपलब्धिहरु हासिल भएकोमा चालू वर्ष खडेरीको कारणबाट अर्थ व्यवस्थामा कठिनाई उत्पन्न भएको बारे मैले शुरुमा नै उल्लेख गरिसकें । चालू वर्ष कृषि उत्पादन गत वर्षको तुलनामा करीब १० प्रतिशत कम हुन जाने अनुमान छ । यस मध्ये खाद्यान्नको उत्पादनक करीब १२ प्रतिशतले घट्न गएको छ, यद्यपि नगदेवालीको उत्पादन भने ५ प्रतिशतले बढेको छ । वर्षे बाली नराम्रोसंग बिग्रेकोले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी हिउंदेवाली कार्यक्रमलाई अभियानको रुपमा सन्चालन गरियो । सरकारी सिंचाई आयोजनाहरु तथा कृषकहरुको सकृयताबाट समेत सिंचार्य सुविधालाई विस्तार गर्नुको साथै सुलभ तरीकाबाट विउ विजन, मलखाद, ऋणको वितरण एवं प्रविधि प्रसार आदि कार्यहरु संयोजित रुपबाट परिचालन गरियो । यी प्रयासहरुबाट राम्रो प्रतिफल उपलब्ध भएको तथ्य प्रति माननीय सदस्यहरु सहमत हुनु हुनेछ भन्ने मेरो विश्वास छ ।

१.९ विगत वर्ष झैं चालू वर्ष पनि औद्योगिक उत्पादन सन्तोषजनक नै रहेको छ । गत आर्थिक वर्षमा औद्योगिक उत्पादन करीब १५ प्रतिशतले वृद्धि भएको थियो । चालू वर्ष यो वृद्धि करीब १९ प्रतिशतले हुने अनुमान छ । गत वर्षको तुलनामा चालू वर्ष सिमेण्ट, फलामको सामान, सुती कपडा, चुरोट, चिनी, साबुन आदि वस्तुहरुको उत्पादन सन्तोषनक रुपमा बढेको छ । विगत केही वर्षदेखि औद्योगिक लगानीलाई प्रोत्साहन दिने वातावरण सिर्जना भएको छ । यसै वर्ष काठमाण्डौमा सम्पन्न भएको मन्त्रीस्तरीय सोलिडारिटी बैठकपछि विदेशी लगानीकर्ताहरुको नेपालमा लगानी गर्ने तर्फ चाख देखाउन थालेका छन् र निकट भविष्यमा नै केही उद्योगहरु स्थापना हुने संभावना छ । चालू वर्षमा घरेलु तथा साना उद्योगको प्रगति पनि उल्लेखनीय छ ।

१.१० समष्टीरुपमा चालू आर्थिक वर्षमा राष्ट्रिय आय घट्न गएकोले स्वभावतः अर्थ व्यवस्थाका विभिन्न पक्षहरुमा पनि प्रतिकूल असर पर्न गएकोक छ । चालू आर्थिक वर्षको पहिलो ९ महिनामा कूल राष्ट्रिय मूल्यसूचि करीब ८ प्रतिशतले बढेको छ । गत वर्ष त्यही अवधिमा करीब ५ प्रतिशतले मात्र बढेको थियो । यस वर्ष यसरी अप्रत्याशितरुपले मूल्य वृद्धि हुनुमा खाद्यान्नको मूल्य वृद्धि हुनु प्रमुख कारण भएको छ । यद्यपि खाद्यान्नको आपूर्ति तथा वितरण व्यवस्था समयमानै गरिएकोले संभावित अझ चर्को मूल्य वृद्धि नियन्त्रण भएको छ र अन्य आवश्यक वस्तुहरु निर्माण सामग्री आदिको आपूर्तिमा कुनै कमी भएन ।

१.११ चालू वर्षको ९ महिनामा मुद्रा प्रदाय करीब १७ प्रतिशतले वृद्धि भएको छ । खाद्यान्न तथा विक्री वितरण गर्न बढी रकम पुऱ्याउनु परेको र केही आधारभूत क्षेत्रमा लगानीको दर घटाउनु वान्छनीय नभएकोले समेत सरकारी क्षेत्रमा गएको कर्जामा वृद्धि हुन गयो । साथै खाद्यान्नको समस्यालाई दृष्टिगत गरी खाद्यान्न थुपार्ने प्रवृत्तिलाई दुरुत्साहित गर्न खाद्यान्नको धितोमा बैंकबाट जाने कर्जालाई नियन्त्रण गरियो । यसले गर्दा निजी क्षेत्रमा जाने कर्जाको वृद्धि दर निकै कम हुन गएको छ ।

१.१२ हाम्रो निर्यात व्यापारमा कृषिजन्य वस्तुहरुको नै वाहुल्यता छ । औद्योगिक वस्तुहरु तर्फ जूट, छाला र हस्तकलाका वस्तुहरु प्रमुख निर्यातयोग्य वस्तुहरु हुन् । तर कृषि उत्पादनमा यो वर्ष आएको ह्रासले गर्दा कृषि वस्तुहरुको निर्यातमा ठूलो कमी भएको छ भने औद्योगिक देशहरुमा व्याप्त आर्थिक मन्दीले गर्दा खास गरी समुद्रपारका देशहरुमा गत वर्षको ९ महिनाको तुलनामा निर्यात करीब ३३ प्रतिशतले घट्न गएको छ । आयात तर्फ खाद्यान्नको समेत आयात गर्नु परेको तथा दैनिक उपभोगका वस्तुहरु, निर्माण तथा पूंजीगत सामग्रीहरु र औद्योगिक कच्चा पदार्थहरुको आयात बढ्न गएकोले आयातको वृद्धि गत वर्षको ९ महिनाको तुलनामा चालू वर्षको सोही अवधिमा करीब २९ प्रतिशतले बढ्न गएको छ । यस प्रकार व्यापारमा असन्तुलन भई यस वर्ष शोधनान्तर स्थितिमा समेत प्रतिकूल असर परेको छ ।

१.१३ अन्तर्राष्ट्रिय बजार मूल्यमा आएको ह्रासले गर्दा हाम्रो निर्यातमा छाला तथा जूट उद्योगहरुले ठूलो आर्थिक संकट झेल्नु पऱ्यो । यस्तो स्थितिबाट यी उद्योगहरुलाई बचाउन तत्कालिन केही कदमहरु उठाउनु आवश्यक देखिएकोले जूट र छाला तथा छालाबाट बनेका वस्तुहरुको समुद्रपार बजारमा प्रचलित मूल्यलाई दृष्टिगत गरी निर्यात मूल्यको केही प्रतिशत अनुदान दिने र जूट उद्योगलाई केही आर्थिक सहुलियत दिने व्यवस्था गरिएको छ ।

१.१४ देशमा आएको यस आर्थिक मन्दताको असर सरकारी वित्तीय स्थितिमा पनि पऱ्यो । राजस्वतर्फ बजेट अनुमानको तुलनामा असूली कम हुने भई बजेटको न्यून बढ्दै जाने प्रवृत्ति देखिएको हुंदा सरकारी खर्चमा यथासम्भव कटौती गर्नु पर्ने स्थिति आयो ।

१.१५ नेपाली मुद्राको विनिमय दर अमेरिकी डलर र भारतीय मुद्रा दुवैसंग आवद्ध गरिएको कारणबाट बराबर असमान विनिमय दर उत्पन्न हुन सक्ने स्थिति रहेको थियो । अन्तर्राष्ट्रिय मुद्रा बजारमा विभिन्न मुद्राहरुको विनिमय दरमा आएको परिवर्तनले गर्दा यस वर्ष नेपाली रुपैयां भारतीय रुपैयां र अमेरिकी डलरको बीचको असमान विनिमय दर वान्छित सीमाभन्दा बाहिर पुग्न गयो । यस स्थितिलाई सुधार गर्न २०३९ पौष २ गते अमेरिकी डलरको दांजोमा नेपाली मुद्राको ८ प्रतिशतले अवमूल्यन गरिएको थियो । तर नेपाली मुद्राको विनिमय दर अमेरिकी डलर र भरतीय मुद्रा दुवैसंग आवद्ध गरिएमा बराबर असमान विनिमय दर उत्पन्न हुन सक्ने स्थिति रही नै रहने हुनाले यस्तो स्थिति समाप्त गर्न तथा हाम्रो विनिमय दर अन्तर्राष्ट्रिय मुद्रा बजारको गतिविधि अनुरुप व्यावहारिक पार्न मुद्रा डालोसंग २०४० जेष्ठ १८ गतेदेखि आवद्ध गरिएको छ । यस व्यवस्थाबाट विनिमय दरमा उत्पन्न हुने असमानता समाप्त भएको छ ।

१.१६ चालू वर्षमा निर्यात घट्न जानुको साथै आयातमा वृद्धि भएको फलस्वरुप वैदेशिक व्यापार घाटा निकै बढ्न जाने प्रवृत्ति देखियो । त्यसकारण आयाततर्फ खास गरी विलासिताका वस्तुहरुको आयातमा नियन्त्रण गर्नुको साथै इजाजत पत्र नचाहिने वस्तुहरुको आयातमा पनि नियन्त्रण गर्ने तर्फ कदम चालियो ।

१.१७ स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्न तथा संरक्षण प्रदान गर्ने दृष्टिले औद्योगिक कच्चा पदार्थको आयातमा उदार नीति अपनाउनुका साथै अन्तर्राष्ट्रिय बजार मूल्यमा ह्रास आएको कारणबाट आन्तरिक बजारमा प्रतिष्पर्धा गर्न नसक्ने स्थितिमा पुगेका केही उद्योगहरुलाई आवश्यक संरक्षण प्रदान गर्ने कदम चालियो । साथै साना तथा घरेलु उद्योगको प्रवर्द्धन गर्ने उद्देश्यले शुरु गरिएको कार्यक्रमलाई व्यावहारिक दृष्टिले संगठित गरियो ।

१.१८ बैंकमा जम्मा भएको साधनलाई प्रत्यक्ष रुपले उत्पादक क्षेत्रतर्फ प्रवाहित गराउने उद्देश्यले सन्चालन गरिएको सघन बैंक विकास कार्यक्रमलाई वाणिज्य बैंकका ४६ शाखामा लागू गरियो ।

१.१९ चालू वर्ष राजस्व संकलन अनुमानभन्दा कम हुने भई बजेटको न्यून बढ्ने अवस्था देखिएकोले र देशको शोधनान्तर स्थिति प्रतिकूल भएको समयमा बजेटको न्यून बढ्न नदिन सरकारी खर्चमा कटौती गर्ने तर्फ कदम चालियो । यसै गरी विदेशी विनिमय संचितिमा आउन थालेको ह्रासलाई दृष्टिगत गरी विदेशी मुद्राको खर्चमा कटौती गर्न कदम पनि चालियो । साथै विगत वर्षहरुमा विदेशी सहायता अन्तर्गत प्राप्त हुने रकमको शोधभर्ना मिलाउने गरी पहिले श्री ५ को सरकारले निकासा दिई आएको रकमको शोधभर्ना प्राप्त गर्ने कारवाही तदारुखताका साथ गरियो ।

१.२० चालू आर्थिक वर्षमा सरकारी संस्थानहरुको कार्य संचालनमा आर्य परेका कठिनाईहरु मध्ये रुग्ण ठहरिएका संस्थानहरुको विभिन्न पक्षहरुको अध्ययन गरी तिनको पूंजीको बनौट, चालू पूंजीको अवस्था र श्री ५ को सरकारको नीति निर्देशन आदि मपक्षहरु विचार गरी तिनीहरुलाई चाहिने पूंजीको व्यवस्था गरिएको थियो । परिणाम स्वरुप ती संस्थानहरुको कार्य संचालनमा अनुकूल प्रभाव परी आगामी आर्थिक वर्षदेखि हालसम्म नोक्सानीमा संचालन भइरहेको संस्थानहरुको पनि अब केही मुनाफा आर्जन गर्न सक्ने संकेत आउन थालेको छ । तसर्थ हालसम्म श्री ५ को सरकार माथि आर्थिक रुपमा भार भई राखेका यी संस्थानहरु आगामी आर्थिक वर्षदेखि राजस्व परिचालन गर्न सक्ने एक उपयुक्त माध्यम सावित हुने संभावना छ । साथै श्री ५ को सरकारले संस्थानहरुको उच्च व्यवस्थापनको नियुक्ति प्रक्रियामा हाल सकभर पेशेवर व्यवस्थापकहरुको नियुक्ति गर्न थालेकोले पनि संस्थानहरुको कार्य कुशलतामा अनुकूल प्रभाव परेको महसूस गरिएको छ । यस आर्थिक वर्षदेखि श्री ५ को सरकारले संस्थानहरुलाई आन्तरिक कार्य संचालनमा जुन बढी स्वायत्तता दिने नीति अपनाएको छ त्यसले गर्दा समेत संस्थानको उद्देश्य, नियन्त्रण र उत्तरदायित्वको स्थिति स्पष्ट हुने विश्वास गरिएको छ ।

१.२१ दक्षिण एशिया क्षेत्रका देशहरुमा आर्थिक सहयोग बढाउने दिशातर्फ चालू वर्ष भएको उपलब्धि उल्लेखनीय छ । काठमाण्डौमा भएको नेपाल–बङ्गलादेश संयुक्त आर्थिक आयोगको मन्त्रिस्तरीय वैठकले दुई देश बीच पारस्परिक आर्थिक सम्बन्ध र सहयोगको क्षेत्रलाई विस्तार गरेको छ । साथै बङ्गलादेश औद्योगिक उत्पादनको प्रदर्शनीको आयोजना पनि हालै काठमाण्डौमा गरियो । नेपाल–पाकिस्तान बीच संयुक्त आर्थिक आयोगको स्थापना हुनुको साथै पहिलो मन्त्रिस्तरीय वैठक पनि काठमाण्डौमा सम्पन्न भयो । यसबाट दुवै देशबीच सहयोगको क्षेत्र बढाउन सघाउ पुगेको छ । यस्तै गरी नेपाल –भारत बीच आर्थिक सहयोगको क्षेत्रलाई अझ बढाउदै लैजान एक मन्त्रीस्तरीय आयोग गठन गर्ने सम्बन्धमा पनि सैद्धान्तिक रुपमा सहमति भएको छ ।

१.२२ आर्थिक परिसूचकहरुबाट समष्टि रुपमा देखिएका चालू वर्षको प्रतिकूल आर्थिक प्रवृत्तिलाई नियन्त्रण गर्न कतिपय कदमहरु अपनाइएको कुरा मैले माथि उल्लेख गरें । आगामी आर्थिक वर्षको बजेटमा पनि यी प्रवृत्तिको निराकणको लागि विभिन्न कदमहरु प्रस्तावित गरेको छु ।

२.१ अब म संक्षेपमा आर्थिक वर्ष २०३८।३९ को यथार्थ खर्च र चालू आर्थिक वर्षको संशोधित अनुमान सम्बन्धी विवरण पेश गर्दछु ।

२.२ आर्थिक वर्ष २०३८।३९ मा रु.५ अरब ७८ करोड ३२ लाख कूल खर्च हुने संशोधित अनुमान भएकोमा रु. ५ अरब ३६ करोड १३ लाख अर्थात् ९३ प्रतिशत खर्च भयो । यसमध्ये साधारणतर्फ रु.१ अरब ७० करोड ९४ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रु.१ अरब ६३ करोड ४४ लाख अर्थात ९६ प्रतिशत खर्च भयो विकासतर्फ रु.४ अरब ७ करोड ३८ लाख संशोधित अनुमान भएकोमा रु.३ अरब ७२ करोड ६९ लाख अर्थात् ९१ प्रतिशत यथार्थ खर्च भयो ।

२.३ चालू आर्थिक वर्षमा रु.९ अरब १८ करोड ७२ लाख कूल खर्च हुने अनुमान गरिएकोमा रु.६ अरब ९४ करोड ९१ लाख अर्थात् ७६ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । यसमध्ये साधारणतर्फ रु.२ अरब २२ करोड ८४ लाख खर्च हुने अनुमान गरिएकोमा रु. २ अरब १४ करोड ६ लाख अर्थात् ९६ प्रतिशत खर्च हुने संशोधित अनुमान छ । विकासतर्फ रु.६ अरब ९५ करोड ८८ लाख खर्च हुने अनुमान गरिएकोमा रु.४ अरब ८० करोड ८५ लाख अर्थात् ६९ प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

२.४ आर्थिक वर्ष २०३८।३९ मा राजस्वबाट र.२ अरब ९२ करोड ९ लाख प्राप्त हुने संशोधित अनुमान भएकोमा यथार्थमा रु.२ अरब ६७ करोड ९५ लाख अर्थात् ९२ प्रतिशत प्राप्त हुन सक्यो । चालू आर्थिक वर्षमा राजस्वबाट रु.४ अरब ४ करोड २५ लाख प्राप्त हुने अनुमान भएकोमा रु. ३ अरब ५ करोड ५६ लाख अर्थात् ७६ प्रतिशत प्राप्त हुने संशोधित अनुमान छ ।

२.५ आर्थिक वर्ष २०३८।३९ मा साधारण र विकास खर्च गरी कूल खर्च रु. ५ अरब ३६ करोड १३ लाखमध्ये राजस्वबाट रु.२ अरब ६७ करोड ९५ लाख र अनुदान सहायताबाट रु. ९९ करोड ३३ लाख व्यहोरिएको थियो । बांकी रु.१ अरब ६८ करोड ८५ लाख मध्ये विदेशी ऋण सहायताबाट रु. ७२ करोड ९९ लाख र आन्तरिक ऋण रु. .५० करोड उठाई नपुग हुन आएको रु.४५ करोड ८६ लाख नगद मौज्दातबाट पूर्ति गरिएको थियो । चालू वर्षको संशोधित अनुमान अनुसार कूल खर्च रु.६ अरब ९४ करोड ९१ लाख मध्ये राजस्वबाट रु.३ अरब ५ करोड ५६ लाख र अनुदान सहायताबाट रु.१ अरब ३९ करोड ४७ लाख व्यहोरिने संशोधित अनुमान छ । बांकी रु.२ अरब ४९ करोड ८८ लाख मध्ये विदेशी ऋण सहायताबाट रु १ अरब १४ करोड ११ लाख र आन्तरिक ऋणबाट रु. १ अरब उठाई नपुग रु. ३५ करोड ७७ लाख नगद मौज्दातबाट पूर्ति गर्ने संशोधित अनुमान छ । चालू वर्षको बजेट अनुमान अनुसार रु. ५१ करोड ६७ लाखको न्यून नगद मौज्दातबाट व्यहोरिने व्यवस्था भए

तापनि यस वर्ष अर्थ व्यवस्थामा देखा परेका प्रतिकूल प्रवृत्तिहरुको परिप्रेक्षमा न्यूनको रकम बढाउन वान्छनीय नभएकोले यथासंभव खर्चहरुमा नियन्त्रण गरी बजेटको न्यून कम गरिएको छ ।

**अध्यक्ष महोदय,**

३.१ मैले माथि उल्लेख गरेको वर्तमान आर्थिक गतिविधि, आर्थिक वर्ष २०३८।३९ को यथार्थ आय–व्यय र आर्थिक वर्ष २०३९।४० को संशोधित आय व्ययको परिप्रेक्षमा आगामी वर्षको बजेटलाई निम्न उद्देश्यहरु प्रति लक्षित गरेको छु ।

(क) अर्थ व्यवस्थाको उत्पादनशील क्षेत्रको सुदृढीकरण गर्ने ।
(ख) आर्थिक स्थायित्व कायम राख्ने ।
(ग) वाह्य भुक्तानी स्थितिमा सुधार ल्याउने ।

३.२ पहिले म उत्पादनशील क्षेत्रको सुदृढीकरणको वारेमा उल्लेख गर्दछु । बितेको वर्षहरुमा पनि मैले कृषि, उद्योग जस्ता उत्पादनमूलक आयोजनाहरु तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेमा जोड दिएको थिएं र यसकोलागि सरकारी लगानीबाट मात्र वान्छित दर हासिल गर्न नसकिने हुनाले निजी क्षेत्रको लगानी पनि पर्याप्त मात्रामा वृद्धि हुनु पर्ने आवश्यकता दर्शाएको थिएं ।

३.३ यस वर्ष धान र मकै जस्ता प्रमुख बालीहरुको उत्पादनमा भएको ह्रास र उत्पादन कम भएको क्षेत्रमा खाद्यान्नको आपूर्ति एवं विक्री वितरणको समस्यालाई जसरी श्री ५ को सरकारले संभाल्यो त्यसबाट हाम्रा विगत पूर्वाधार सिर्जना गर्ने प्रयासहरुको उपयुक्ततालाई प्रमाणित गर्‍यो भने अर्को तर्फ देशमा उपलब्ध सिंचाई सुविधा आवश्यकताको दांजोमा निकै कम भएको तथ्य अझ स्पष्ट रुपमा देखा परेको छ । उत्पादन वृद्धिमा प्रत्यक्ष योगदान गर्न सिंचाई सुविधाको विस्तार गर्न प्राथमिकता दिनु परेको छ ।

३.४ यसै गरी कृषि सामग्रीहरुको आपूर्ति संस्थागत व्यवस्थाबाट मात्र गराउन प्रायः सम्भव नहुने भएकोले सामग्रीको आपूर्ति व्यवस्थामा निजी क्षेत्रलाई समेत संलग्न गराउनु बढी व्यावहारिक हुन आउंछ । अतः बीज वृद्धि तथा प्रशोधन, फलफूलका बोट विरुवा उत्पादन, पशुपन्छी प्रजनन जस्ता कार्यमा निजी क्षेत्रका क्रियाशील कृषकहरुलाई नै सरीक गराउने नीति अपनाइएको छ ।

३.५ आयात प्रतिस्थापन गर्न तथा आधारभूत आवश्यकताका वस्तुहरुको उत्पादन बढाउंदै लगी देशलाई आत्म–निर्भर तुल्याउन औद्योगिक क्षेत्रको विकासलाई महत्व प्रदान गर्नु पर्ने कुरामा आज दुई मत छैन । त्यसैले एकातिर निजी क्षेत्रको विकासको लागि श्री ५ को सरकारले विशेष सुविधाहरु प्रदान गर्ने नीति अपनाएको छ भने अर्कोतिर आधारभूत उद्योगहरुको विकासमा श्री ५ को सरकारले आफ्नो साधन समेत लगाउंदै आएको छ । औद्योगिक क्षेत्रको विकास गर्न निजी क्षेत्रलाई प्रदान गरिएको सहुलियत र सरकारी क्षेत्रमा गरिएको लगानी कार्यक्रमलाई आगामी वर्षहरुमा समेत अगाडि बढाइने छ । सघन बैंक कार्यक्रम र घरेलु तथा साना उद्योग परियोजनाको संचालनबाट भएको प्रगति उत्साहप्रद देखिएकोले यी कार्यक्रमहरुलाई व्यापक रुपमा संचालन गरी उत्पादनशील क्षेत्रको सुदृढीकरण गर्दै जाने नीति छ ।

३.६ औद्योगिक उत्पादनलाई प्रोत्साहत गर्न श्री ५ को सरकारले विभिन्न वित्तीय तथा व्याज दरको सहुलियत दिंदै आएको छ र विदेशी प्रतिस्पर्धाबाट बचाउन संरक्षण पनि प्रदान गर्ने नीति लिइएको छ । तर उद्योगहरुले आफ्नो उत्पादन लागत कम नगरी संरक्षण मात्र खोज्दा मूल्य स्थितिमा प्रतिकूल असर पर्ने हुन्छ । तसर्थ उद्योगहरुले उत्पादकत्वमा वृद्धि गर्नुको साथै लागत कम गर्नेतर्फ पनि जोड दिनु पर्दछ । औद्योगिक क्षेत्रतर्फ हाम्रो प्रतिस्पर्धात्मक क्षमता घट्न नदिन यथार्थ ज्याला तथा मजदूरी दर वृद्धिलाई श्रमको उत्पादकत्वसंग दांज्नु पर्ने देखिएको छ। साना तथा घरेलु उद्योगको विकासलाई विशेष रुपले प्रोत्साहन दिने नीति कायमै रहनेछ ।

३.७ अपार जल सम्पदा भएको हाम्रो देशमा जलशक्तिको समुचित विकासबाट नै अर्थतन्त्रमा विविध पक्षहरुमा प्रत्यक्ष एवं विस्तृत योगदान पुग्ने कुरा निर्विवाद छ । कृषि आश्रित हाम्रो अर्थ व्यवस्थाको अन्तर्निहित बनौट परिवर्तन गरी आधुनिक अर्थतन्त्रको निर्माण गर्ने कार्य पूर्णतया यसैको विकासमा निर्भर छ । विकास प्रक्रिया कृषिमा आधारित भएसम्म कृषि क्षेत्रमा स्थायित्व एवं गतिशीलता ल्याउन पनि जलशक्तिकै महत्वपूर्ण भूमिका रहने स्पष्ट छ । त्यसैले जलस्रोतको विकासमा वृहद् दृष्टिकोण राख्दै यसका विभिन्न उपयोगी पक्षहरुको सन्तुलित विकास गरी हाल देशको कृषि क्षेत्रलाई दिएको प्राथमिकता अनुरुप कृषिका लागि यस स्रोतको परिचालन गर्नु अनिवार्य हुन आएको छ । यसको निम्ति सतह तथा भूमिगत ठूला साना सिंचाई आयोजनाहरुको कार्यान्वयनलाई जोड दिनु पर्छ । साथै, जल विद्युतका ठूला आयोजनाहरुको साथै मझौला तथा साना आयोजनाको कार्यान्वयन गर्ने प्रयासलाई अझ बढाउंदै लग्नुछ ।

३.८ अब म आन्तरिक आर्थिक असन्तुलन हटाउन अपनाइएको नीति वारे केही स्पष्ट गर्न चाहन्छु । मुद्रा स्फितिलाई नियन्त्रण नगरी आर्थिक विकासको वृद्धि दर बढाउने प्रयास दीर्घकालिन दृष्टिकोणले प्रभावकारी नहुने हुनाले सरकारी घाटालाई यथासक्य नियन्त्रण गर्नु परेको छ । यसको लागि खर्चमा नै निण्त्रण तथा कटौती गर्नु पर्ने हुन आउंछ । राजस्वतर्फ पनि कर तथा गैर कर–राजस्वका स्रोतहरुबाट बढी साधन परिचालन गर्नु बाहेक अर्को विकल्प देखिंदैन । साथै बैंक क्षेत्रको माध्यमबाट बचत परिचालन गरी पूंजी निर्माण गर्नु पनि उत्तिकै जरुरी भएकोले बचतलाई प्रोत्साहत गर्ने नीति अवलम्बन गर्नु परेको छ ।

३.९ आगामी आर्थिक वर्षमा संस्थानहरुको व्यवस्थापनमा सुधार ल्याउन हाल लागू गरिएका व्यवस्थाहरुलाई सुदृढ गर्दै लगिने छ । संस्थानहरुको कार्य सन्चालनलाई मूलतः बजार प्रक्रिया अनुरुप संचालन हुन दिन प्रयास गरिनेछ । सरकारी संस्थानहरुको कार्य कुशलताको मूल्यांकन गर्नेतर्फ भइरहेको वर्तमान व्यवस्थालाई अझ सुदृढ गरिने छ । प्रत्येक वर्ष भइरहेको लगानीको उचित उपयोग होओस् भन्ने मनसायले संस्थानहरुको कार्यक्रमको मोनिटरिङ्ग गर्ने व्यवस्था पनि गरिनेछ ।

३.१० विकास आयोजनाहरुतर्फ हाल भइरहेको सूचना तथा नियन्त्रण प्रणाली आयोजनाको व्यवस्थापनको लागि पर्याप्त छैन । यसले गर्दा आयोजना कार्यान्वयनमा ढिलाई हुने गरेको देखिएको छ र लगानीको प्रतिफल समयमा प्राप्त नहुने तथा आयोजना लागत समेत बढ्न जाने गरेको छ । त्यसकारण आयोजनाको कार्यान्वयन पक्षमा आई पर्ने समस्याहरुको समाधान यथासमयमै गर्न सक्ने तुल्याउन सूचना प्रणालीमा आवश्यक सुधार गर्नु पर्ने आवश्यकता देखिएको छ । आगामी आर्थिक वर्षको कार्यक्रममा यी कुरालाई ध्यान दिइएको छ ।

३.११ अब म वाह्य आर्थिक असन्तुलन हटाउने सम्बन्धमा लिएको नीति बारे केही उल्लेख गर्न चाहन्छु ।

३.१२ हाम्रो व्यापार नीति आयातलाई नियोजित गर्ने र निर्यातलाई प्रवर्द्धन गर्नेतर्फ उन्मुख हुनु पर्ने आवश्यकतालाई दृष्टिगत गर्दा व्यापार सन्तुलनमा सुधार गर्न आयातको वृद्धि दर नै घटाउनु जरुरी हुन आएको छ । आयातलाई अनियन्त्रित रुपले राख्दा अर्थ व्यवस्थामा असंगति आउन सक्ने देखिएकोले यसलाई नियन्त्रण गर्नु पर्ने आवश्यकता छ । यसरी एकातिर आयातमा नियन्त्रण गर्नु परेको छ भने अर्कोतिर निर्यात वृद्धि गर्नु पनि उत्तिकै आवश्यक छ । निर्यातलाई अभिवृद्धि गर्न आगामी वर्ष निर्यात संभाव्य वस्तुहरुलाई छनौट गरी ती वस्तुहरुको उत्पादन वृद्धि गर्न श्री ५ को सरकारले यथासक्य वित्तीय तथा मौद्रिक उपायहरुद्वारा सहयोग गर्नुको साथै प्राविधिक तथा अन्य आवश्यक उपकरणहरुको सुविधाहरु पुऱ्याई सहायता प्रदान गर्नेछ । हाल देशमा निर्यात कर्जा सुरक्षणको व्यवस्था नभएकोले निर्यातकर्ताहरुले सामान्य सुरक्षण पनि उपभोग गर्न पाएका छैनन । तसर्थ निर्यात् कर्जा सुरक्षणको व्यवस्था गर्नुको साथै विदेशी विनिमय दरको घटबढको जोखिमबाट निर्यात कर्जालाई सुरक्षण प्रदान गर्नु र निर्यातकर्ताहरुलाई पूर्वकालिन कर्जा पाउने व्यवस्था गर्नु पर्ने भएको छ ।

३.१३ पर्यटन उद्योग विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत हो र यस क्षेत्रबाट अझ प्रशस्त विदेशी मुद्रा आर्जन गर्न सकिने गुन्जाइस छ । हाल देशमा होटलको क्षमतामा पर्याप्त वृद्धि भएको छ । यो क्षेत्रको लागि अरु चाहिने आधारभूत आधारशीला पनि सापेक्षिक दृष्टिकोणले राम्रै रुपमा सिर्जना भइसकेको छ । तसर्थ हाम्रो प्रयास अब पर्यटनहरुको आवागमनलाई बढाउनेतर्फ बढी केन्द्रीत हुनु पर्ने देखिन्छ ।

३.१४ बितेका तीन दशकदेखि आर्थिक विकासका सबै क्षेत्रमा र खास गरी बिजुली, सिंचाई, यातायात र उद्योग जस्ता महत्वपूर्ण क्षेत्रमा वैदेशिक सहयोगको योगदान उल्लेखनीय रही आएको छ । विकासको गतिलार्य तीव्र गर्ने दृष्टिबाट विभिन्न क्षेत्रमा लगानीको परिमाण समेत वृद्धि गर्नु पर्ने आजको आवश्यकताको पृष्ठभूमिमा हाम्रो आन्तरिक साधनबाट मात्र पर्याप्त आर्थिक साधन जुटाउन नसकिने भएकोले वैदेशिक स्रोतको परिचालनमा अझै वृद्धि गर्नुम कछ । राष्ट्रिय दृष्टिकोण, नीति तथा योजना अनुरुप विकास कार्यक्रममा विभिन्न निकायहरुको बीच समन्वय कायम गरी विदेशी सहायतको परिचालन गर्न तथा उपयोगको गतिलाई वृद्धि गर्न जोड दिइनेछ ।

३.१५ विकासको लागि बढी वैदेशिक सहयोगको परिचालन गर्नु पर्ने सन्दर्भमा उपलव्ध सहयोगको प्रभावकारी रुपमा उपयोग गर्नु अनिवार्य भएकोक छ । साथै वैदेशिक सहयोग परिचालन गर्न आयोजना छनौट, आयोजनाको तर्जुमा कार्यान्वयन, सुपरिवेक्षण र मूल्यांकन जस्ता कार्यहरुमा बढी ध्यान दिनु पर्ने एवं कार्यान्वयन गर्ने क्षमतामा सुधार गर्नु पर्ने आवश्यकता छ ।

३.१६ चालू वर्ष हामीले सानामा गर्नु पर्ने कठिनाइहरु एवं बढी सजगताका साथ ध्यान दिनु पर्ने भएका कुराहरु मैले उल्लेख गरें । तर यी समस्याबाट हामी हतोत्साहित हुनु पर्ने स्थिति छैन । यसले बरु हामीलाई बढी जागरुक र चनाखो भई समस्याको जटिलता हेरी बढी प्रयास गर्न र सामुहिक सोचाई राखी जताको प्रत्यक्ष सहयोगमा कार्यक्रम संचालन गर्न एकपल्ट फेरी हाम्रो ध्यानाकर्षण गरेको छ । यसबाट हाम्रो भावी कार्यक्रम अरु परिमार्जित हुने र त्यसको कार्यान्वयन पक्ष बढी सवल हुने विश्वास राख्दछु । मुख्य कुरा, हाम्रो विकासको लक्ष्य स्पष्ट छ र हामी ठीक दिशातर्फ उत्प्रेरीत छौं, यसमा कुनै सन्देह छैन ।

**अध्यक्ष महोदय,**

३.१७ मैले माथि उल्लेख गरेका आर्थिक विकासका नीतिगत कुराहरुलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले अपनाउने कदमहरु बारे पनि म केही बिवेचना गर्न चाहन्छु ।

३.१८ अर्थ व्यवस्थाको उत्पादनशील क्षेत्रलाई सुदृढ गर्ने तर्फ मुख्य रुपमा कृषि उत्पादनमा नै वृद्धि ल्याउन आवश्यक छ । कृषि उत्पादनमा बराबर हुने गरेको ह्रासलाई रोकी उत्पादन वृद्धि क्रमलाई स्थायित्व प्रदान गर्न कृषि क्षेत्रको मौसम प्रतिको निर्भरता कम गर्नु पर्ने भएको छ । यसै कुरालाई ध्यानमा राखी सिंचाई आयोजनाहरुको विस्तारलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न आगामी वर्षमा जोड दिइएको छ । त्यसै गरी विभिन्न वालीहरुको विकास कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाइने छ ।

३.१९ कृषि विकास कार्यमा कृषक समुदायको प्रभावकारी सहभागिता जुटाई कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन कृषकहरुलाई आवश्यक पर्ने प्राविधिक सेवाका साथै कृषि सामग्री तथा कृषि ऋण सुविधा एकिकृत रुपमा उपलब्ध गराउने व्यवस्था विगत केही वर्षदेखि थालिएको व्यवस्थालाई सुदृढ र प्रभावकारी बनाइने छ । साथै साना किसान विकास कार्यक्रम र कृषि ऋण सन्चालन कार्यविधिमा पनि सरलिकरण ल्याई कृषकहरुलाई आवश्यक पर्ने उत्पादन ऋण थलो मै स्वीकृति तथा वितरण गर्ने परिपाटीलाई व्यापक बनाउन अरु जोड दिइनेछ ।

३.२० औद्योगिक क्षेत्रतर्फ देशमा चलिरहेका उद्योगहरुलाई आवश्यक संरक्षण प्रदान गरिने छ । यसै प्रसंगमा नयां खोलिने उद्योगहरुलाई प्रदान गरिने सुविधाहरु पुर्‍याउन श्री ५ को सरकार तत्पर रहेको कुरा म यहां पुनः दोहोर्‍याउन चाहन्छु । समाजका कमजोर वर्गको उत्थानको लागि घरेलु तथा साना उद्योग र प्राथमिकता क्षेत्रको कार्यक्रमलाई व्यापकरुपमा अघि बढाउन आवश्यक वित्तीय साधन तथा प्राविधिक सहयोगको व्यवस्थालाई अरु जोड दिइएको छ ।

३.२१ जलस्रोत नै देशको एक प्रमुख प्राकृतिक संपदा हो । यसको समुचित विकास तथा उपयोगबाट उत्पादनमा मात्र वृद्धि हुने नभई विदेशी मुद्रा आर्जनको महत्वपूर्ण स्रोत उपलब्ध हुनेछ । यही यथार्थतालाई ध्यानमा राखी बबई, सिक्टा र बागमती जस्ता ठूला सिंचाई आयोजनाहरु कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । देवीघाट, कुलेखानी विद्युत आयोजनाहरु यथाशिघ्र सम्पन्न गरिने र मर्स्याङ्गदी जस्ता ठूला विद्युत आयोजना आगामी आर्थिक वर्षदेखि प्रारम्भ गरिने छन् । कर्णाली, सप्तगण्डकी आदि जलस्रोत आयोजनाहरुको सम्बन्धमा दीर्घकालीन योजना अनुसार द्विपक्षीय र बहुपक्षीय सहयोग र सहभागितको लागि तदारुखताका साथ प्रयास जारी राखिने छ ।

३.२२ अब म देशको आन्तरिक आर्थिक असन्तुलन हटाउन चालिएका कदमहरु बारे केही उल्लेख गर्न चाहन्छु ।

३.२३ आर्थिक सन्तुलन र आर्थिक स्थायित्व आर्थिक विकासको लागि पूर्वाधारहरु हुन् । यी पूर्वाधारको जगमा लगानीलाई पर्याप्त मात्रामा बढाउन सकिने संभावना रहन्छ । यस सन्दर्भमा मुद्रास्फितिलाई नियन्त्रण गर्नु आजको प्रमुख आवश्यकता छ । यिनै कुरालाई सर्वोपरी महत्व दिई आगामी वर्षको बजेटको आकारलाई चालू वर्षको बजेटको आकार भन्दा धेरै बढ्न नदन हर संभव प्रयत्न गरेको छु । साधारणतर्फको बजेटमा सांवा र व्याजको लागि छुटचाइएको रकम कटाउंदा यसको आकार चालू वर्षको साधारण बजेट सरह नै राखेको छु । साधारण बजेटतर्फ आगामी वर्ष पटके खर्चहरुमा कटौती गरेको छु र खाली रहेको दरवन्दीहरुलाई पुनरावलोकन गरी अत्यन्त जरुरी भएमा बाहेक पदपूर्ति गर्ने नीति अपनाएको छु ।

३.२४ विकास बजेटतर्फ पनि चालू वर्षको कार्यान्वयनको स्तरलाई दृष्टिगत गर्नुको साथै आयोजनाभित्र पनि अनुत्पादक खर्च कटौती गरिएकोले विकास बजेटको आकार झण्डै चालू वर्षकै स्तरमा राखेको छु । साथै हाल चालू आयोजनाहरुको उपादेयता र त्यसबाट देशको आर्थिक विकासमा भएको योगदानको विस्तृत मूल्यांकन राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयहरुको कार्यदल समूह गठन गरी गराइने छ । यिनै कार्यदल समूहहरुको अध्ययन तथा मूल्यांकनको आधारमा सन्चालन गर्न आवश्यक नदेखिएका आयोजनाहरु स्थगन गर्ने वा कार्य क्षेत्र घटाउने कार्य पनि आगामी आर्थिक वर्षको प्रारम्भदेखि शुरु गरिनेछ ।

३.२५ हाम्रो राजस्वको आधार भन्दा खर्चको आकार धेरै ठूलो भएको छ । यस स्थितिमा खर्चलाई नियन्त्रण नगरेमा घाटाको आकार झन झन बढ्दै जाने हुन्छ । यस्तो हुन निदन राजस्वको वृद्धिदर बढाउनाको साथै खर्चको वृद्धिदरमा नियन्त्रण गर्नु पर्दछ र राजस्वको आधार र खर्चको आधार समान स्तरमा राख्ने लक्ष्य रहनु पर्दछ । तसर्थ आगामी वर्षको प्रारम्भदेखि हाल भैरहेको खर्च कसरी किफायत गर्न सकिन्छ भन्ने विस्तृत अध्ययन महालेखा नियन्त्रक कार्यालयबाट गराउने भएको छु ।

३.२६ सरकारी स्तरमा हुने कारवाही राष्ट्रिय आर्थिक स्थायित्वको निमित्त एक पक्षमात्र हो । यसकारण गैर–सरकारी क्षेत्रमा पनि बचत गर्ने, उत्पादकत्व वृद्धि गर्ने र खर्च घटाउने प्रयास नभएमा राष्ट्रिय स्थायित्वको लक्ष्य प्राप्त गर्न सकिंदैन । यसलाई दृष्टिगत गरी गैर–सरकारी क्षेत्रमा पनि खर्च घटाउन वित्तीय तथा मौद्रिक उपायहरु अवलम्बन गरिनेछन् । हाल देशको औद्योगिक क्षेत्रमा सरकारी संस्थानहरुको अंश धेरै भएको र सरकारी संस्थानहरुको मजदूरी तथा ज्याला दरको असर अरु औद्योगिक प्रतिष्ठानमा पर्ने भई औद्योगिक उत्पादनको लागत समेत वृद्धि भई प्रतिस्पर्धात्मक स्थितिमा प्रतिकूल असर पार्ने देखिएकोले औद्योगिक क्षेत्रको ज्याला दर बढाउंदा एत्पादकत्व र कार्य दक्षतालाई समेत आधार बनाइनेछ ।

३.२७ निजी क्षेत्रमा बचतको लागि प्रोत्साहन दिन बैंक निक्षेपमा व्याज दर बढाइएको छ तापनि बैंक क्षेत्र बाहिर जनतासंग प्रशस्त तरलता रहेको देखिन्छ । निजी क्षेत्रसंग रहेको बढी तरलताले मुद्रास्फिति बढाउन सघाउ पुर्‍याउने भएकोले वित्तीय सम्पत्तिको रुपमा राखिने बचत तर्फ निजी क्षेत्रलाई आकर्षित गराउने उपाय अवलम्बन गरेको छु ।

३.२८ बैंक तथा वित्तीय संस्थानहरुमा रहेको वित्तीय साधनलाई दीर्घकालीन दृष्टिले बढी आर्थिक लाभ हुने उत्पादक क्षेत्रतर्फ प्रवाहित गराउन व्यवस्था गर्न उच्चस्तरीय "राष्ट्रिय कर्जा परिषद्" को गठन गरिएको छ । यस परिषद्लेनै प्राथमिकता प्राप्त क्षेत्रतर्फ कर्जा प्रदान गर्ने कार्य पनि हेर्ने छ । साथै देशको महत्वपूर्ण वित्तीय संस्थाहरुको साधनको उपयोग राष्ट्रिय हितमा गर्ने दृष्टिले लगानी संरचनाको निर्धारण गर्ने कार्य पनि आगामी वर्षदेखि शुरु गरिने छ ।

३.२९ अब म बाह्य आर्थिक असन्तुलनमा सुधार ल्याउन अपनाइने कदमहरुको उल्लेख गर्दछु । बाह्य भुक्तानी सन्तुलनमा सुधार गर्ने भन्नासाथ हाम्रो ध्यान व्यापार सन्तुलनमा स्वभावतः जान्छ । विगत वर्षहरुदेखि हाम्रो आयात र निर्यातबीचको अन्तर जुन प्रकारले बढ्दै गइरहेको छ त्यसको लागि आयात र निर्यात दुवै तर्फ तुरुन्त व्यावहारिक तथा प्रभावकारी कदमहरु लिन आवश्यक देखिएकोले आगामी आर्थिक वर्षदेखि आयातको वृद्धिदर घटाउन हालसम्म अपनाई आएको आयात नीतिमा परिवर्तन गरी केही वस्तुहरुको आयातको लागि इजाजत पत्र नै नचाहिने हालको व्यवस्था खारेज गरिएको छ । समुद्रपारबाट आयात हुने सबै वस्तुहरुको लागि आयात इजाजत पत्र अनिवार्य रुपले लिनु पर्ने व्यवस्था भएको छ । इजाजत पत्र खुला रुपले पाइने भनी आएको वस्तुहरुमा पनि देशको आवश्यकतालाई ध्यानमा राखी परिमाणात्मक बन्देज लगाइएको छ । यसो गर्दा कृषि, उद्योग, विकास र निर्माणका सामग्रीहरु तथा पेट्रोलियम पदार्थ जस्ता प्राथमिकता प्राप्त क्षेत्रको लागि आवश्यक आयातमा प्रतिकूल असर पर्न दिइने छैन । विभिन्न क्षेत्रहरुको लागि चाहिने आयातको परिमाण र विदेशी मुद्राको स्थिति हेरी सम्बन्धित अधिकृतहरुको समूहले गरेको सिफारिशको आधारमा निर्धारण गर्ने प्रक्रेया अपनाइने छ ।

३.३० देशको अर्थ व्यवस्थामा निर्यामत क्षेत्रको भूमिका कम रही आएको भए तापनि यस क्षेत्रको विकासको संभावनाको गुन्जाइस नभएको होइन । हाम्रो निर्यात क्षेत्रको सबभन्दा कमजोर पक्ष नै निर्यातयोग्य वस्तुहरुको उत्पादनसंग सम्बन्धित छ । हाम्रो निर्यातकर्ता तथा व्यापारी वर्गहरुको ध्यान निर्यातयोग्य वस्तुहरुको विकास गर्नेतर्फ उन्मुख भएको देखिंदैन । हालसम्म निर्यातलाई बढाउन ज`जति वित्तीय तथा मौद्रिक प्रोत्साहत प्रदान गरिएको थियो तीन प्रोत्साहन निर्यातकर्ताहरुले मात्र प्राप्त गरेको र त्यसको लाभ उत्पादकसम्म पुग्न नसकेकोले निर्यात योग्य वस्तुहरुको विकासमा प्रगति हुन सकेन । अर्को तर्फ देशको भौगोलिक स्थितिले पनि निर्यात क्षेत्रको विकासको लागि अप्ठचारो पारेको छ । हाम्रो निर्यातकर्ताहरुले पारवहनको थप खर्च व्यहोर्नु पर्ने हुनाले पनि त्यससम्म आपूर्तिको अध्यावधिक स्थिति, मूल्य स्थिति र उपभोक्ताको रुचि सम्बन्धी जानकारी उपलव्ध गराई राख्ने व्यवस्था पनि भइसकेकोक छैन । निर्यात प्रवर्द्धन गर्ने दिशातर्फ यी समस्याहरुलाई समाधान गर्न उपयुक्त कदमहरु चालिने छन् ।

३.३१ अन्तर्राष्ट्रिय बजारमा हाम्रो निर्यात योग्य वस्तुहरुको मूल्यमा आएको ह्रास र उत्पादन लागत बढी भई निर्यात हुन नसकेको कुरालाई ध्यानमा राखी विश्व बजारको स्थिति तथा वस्तको किसिम हेरी आगामी वर्षदेखि निर्यात क्षेत्रलाई बढाउन समुद्रपार निर्यातमा आवश्यकतानुसार नगद अनुदान दिने व्यवस्था गरिएको छ । यस प्रकारको नगद अनुदान दिन एक छुट्टै "निर्यात विकास कोष" को व्यवस्था नेपाल राष्ट्र बैंकमा गरिने छ । यस कोषको सन्चालनद्वारा निर्यातकर्ताहरुले पाउने नगद अनुदान बैंकबाट स्वतः पाउने व्यवस्था हुनेछ । वाह्य र आन्तरिक बजार मूल्यको अध्ययन गरी समुद्रपार निर्यातका कुन वस्तुमा कति नगद अनुदान दिने भन्ने कुरा निर्णय गरिनेछ । निर्यात प्रवर्द्धनको लागि खडा गरिएको यस कोषमा रासायनिक मल, पेट्रोलियम पदार्थ र विकासका पूंजीगत सामानहरु बाहेक अन्य वस्तुहरु समुद्रपारबाट आयात गर्ने इजाजत पत्र लिंदा इजाजत पत्रमा अंकित मूल्यको केही प्रतिशत रकम आयातकर्ताहरुले यस कोषमा बुझाउनु पर्ने व्यवस्था गरिएको छ । भारतबाट कोटा अन्तर्गत प्राप्त हुने वस्तुहरुमा पनि आयातकर्ताले आयात मूल्यको वस्तु हेरी केही प्रतिशतसम्म रकम यस कोषमा बुझाउनु पर्ने व्यवस्था गरिएको छ ।

३.३२ निर्यातको लागि बैंकको व्याज दरमा सुविधा दिइने गरिएको छ तापनि हाल निर्यातकर्ताहरुले निर्यातपछिका कृयाकलापको लागि मात्र कर्जाको सुविधा पाउने गरेका छन् । विदेशी आयातकर्ताहरुले नेपाली निर्यातकर्ताहरुको नाममा प्रतित पत्र खोलेको अवस्थामा पनि त्यसको आधारमा पूर्व निर्यातकर्जा पाउने व्यवस्था छैन । यसो हुनुमा निर्यात कर्जा सुरक्षण व्यवस्था नहुनाले पनि हो । कर्जा सुरक्षण व्यवस्थाको अभावमा वाणिज्य बैंकहरुले लगानी गर्न हिच्किचाउनु स्वभाविकै हुन्छ । तसर्थ आगामी वर्षदेखि निर्यातकर्ताको सुरक्षण व्यवस्था गरिने छ । साथै हालको विनिमय व्यवस्था अनुसार नेपाली रुपैयां र अन्य विदेशी मुद्राको विनिमय दर घटबढ हुने हुनाले विनिमय दरको जोखिम निर्यातकर्ताहरुले व्यहोर्नु नपर्ने गर्न आगामी वर्षमा विदेशी मुद्राको अग्रिम विनिमय दरको व्यवस्था नेपाल राष्ट्र बैंकद्वारा गरिने भएको छ । यी कदमहरुबाट आयात नियन्त्रण हुनुको साथै निर्यातमा वृद्धि भै हाम्रो व्यापार सन्तुलन स्थितिमा सुधार हुने छ भन्ने कुरामा म विश्वस्त छु ।

३.३३ नेपाल आउने पर्यटकहरुको संख्या बढाउन हाम्रो शाही नेपाल वायुसेवा निगमको सेवा नभएका केही मुलुकहरुबाट हाम्रो देशको अन्तर्राष्ट्रिय विमानस्थलमा आउन जान पाउने गरी विमान सेवा सन्चालन गर्न दिने व्यवस्था गरिनेछ । यसबाट पनि विदेशी मुद्राको आर्जन वृद्धि गर्न सकिन्छ भन्ने मैले आशा राखेको छु ।

३.३४ वैदेशिक सहायता बढी मात्रमा परिचालन गर्न परम्परागत स्रोतहरुको अतिरिक्त नयां स्रोतहरुको खोजी गर्न पनि हाम्रो प्रयास कायमै राखीने छ । ठूला ठूला आयोजनाहरुमा एउटै स्रोतबाट साधन उपलव्ध नभएको अवस्थामा बहुस्रोतको परिचालनबाट सहयोग उपलव्ध गर्नु पर्ने भएको छ । यस परिप्रेक्षमा विश्व वैंकका संयोजकत्वमा गठित नेपाल सहायता समूहको संस्थागत व्यवस्थाबाट भएको योगदान उल्लेखनीय छ । समूहको पांचौं वैठकको आयोजना आगामी पौष महिनातिर गर्ने कार्यक्रम रहेको छ । यस बैठकबाट वैदेशिक सहयोगको परिचालनमा अरु योगदान पुग्ने विश्वास लिएको छु । यसै अवसरमा हाम्रो विकास प्रयासका साथ दिई सहयोग प्रदान गर्ने मित्र राष्ट्रहरु र अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई श्री ५ को सरकारको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**अध्यक्ष महोदय,**

४.१ अब म आगामी आर्थिक वर्ष २०४०।४१ को आय–व्ययको अनुमान पेश गर्दछु । साधारण बजेटतर्फ रु. २ अरब ४२ करोड ९३ लाख र विकास बजेटतर्फ रु.७ अरब ९ करोड ३३ लाख खर्च हुने प्रस्ताव गरेको छु । यो खर्च चालू वर्षको बजेटको संशोधित अनुमानको तुलनामा सधारणतर्फ १३ प्रतिशत र विकासतर्फ ४८ प्रतिशतले बढी छ । तर चालू वर्षको अनुमानको तुलनामा आगामी वर्षको खर्चको अनुमान करीब ४ प्रतिशतले मात्र बढी छ । विगत वर्षहरुमा खर्चको अनुमान सरदर ३० प्रतिशतले वृद्धि भएको थियो, तर यथार्थ खर्च भने अनुमानको सरदर ७८ प्रतिशतभन्दा बढी हुन सकेको छैन । यसरी आगामी वर्षको बजेट अनुमानलाई ४ प्रतिशतको वृद्धिमा मात्र सीमित गर्दा विकास आयोजनाहरु कार्यान्वयन गर्ने क्षमतामा आएको वृद्धिलाई ध्यानमा राखी यथार्थवादी बनाउने प्रयास गरेको छु । तर शुरु भइसकेका आयोजनाहरुलाई समयमानै पूरा गर्न भने पर्याप्त रकमको व्यवस्था गरिएको छ । वर्तमान आर्थिक स्थितिलाई दृष्टिगत गरी मैले अघि उल्लेख गरेका नीतिहरुको अनुसरणमा खर्चको वृद्धिलाई यथासक्य कम गरेको छु ।

४.२ साधारण बजेटतर्फ संवैधानिक अङ्गमा रु.६ करोड १५ लाख, साधारण प्रशासनमा रु.३६ करोड ४७ लाख, राजस्व प्रशासनमा रु.६ करोड २६ लाख, आर्थिक प्रशासन र योजनामा रु. २ करोड ९३ लाख, न्याय प्रशासनमा रु.४ करोड ४३ लाख, वैदेशिक सेवामा रु.५ करोड ९३ लाख, रक्षामा रु. ४६ करोड ३४ लाख, सामाजिक सेवामा रु.३९ करोड ४१ लाख, आर्थिक सेवाहरुमा रु. २० करोड ४२ लाख, ऋण तथा लगानी र सांवा व्याजमा रु.५४ करोड ४८ लाख र विविधमा रु.२० करोड १२ लाखको व्यवस्था गरेको छु ।

४.३ विकास बजेटको कूल खर्चमध्ये आर्थिक सेवामा रु. ५ अरब १३ करोडि ७७ लाख, सामाजिक सेवामा रु.१ अरब ८२ करोड ८६ लाख र साधारण प्रशासन, आर्थिक प्रशासन, योजना र विविधमा रु.१२ करोड ७० लाख छुटचाइएको छ । आर्थिक सेवामा छुटचाइएको जम्मा रकम मध्ये कृषि, भूमि सुधार र सिंचाईमा रु.१ अरब ७३ करोड ४९ लाख, वन तथा भू–संरक्षणमा रु.२८ करोड ४६ लाख, यातायातमा रु.१ अरब २२ करोड ९१ लाख, विद्युतमा रु. ८८ करोड ७७ लाख, उद्योग तथा खानीमा रु.७७ करोड ७१ लाख र आर्थिक सेवाहरुको बांकी अन्य शीर्षकहरुमा रु. २२ करोड ४४ लाख छुटचाइएको छ । सामाजिक सेवाहरुतर्फ छुट्चाइएको रकम मध्ये शिक्षामा रु.७४ करोड ५३ लाख, पन्चायत तथा स्थानीय विकासमा रु.४५ करोड ७ लाख, स्वास्थ्यमा रु. ३२ करोड, पिउने पानीमा रु.२३ करोड ३६ लाख र अन्य सामाजिक सेवाहरुमा रु.७ करोड ९१ लाख छुटचाइएको छ ।

४.४ हाम्रो अर्थतन्त्रनै कृषिमा आधारित भएकोले कृषि कार्यक्रममा विशेष जोड दिइएको छ । यस कार्यक्रममा कृषि प्रसार तथा अनुसन्धान, रोग व्याधी तथा किराबाट बालीको संरक्षण, बागवानी विकास तथा पशु विकास र मत्स्य विकासको लागि रकमको व्यवस्था गरिएको छ । कृषि क्षेत्रमा प्रत्यक्ष योगदान दिने संस्थान मध्ये कृषि ऋणको लागि कृषि विकास बैंकलाई रु.१९ करोड ३२ लाख र कृषि सामग्रीको लागि कृषि सामग्री संस्थानलाई रु.९ करोड ९९ लाख उपलव्ध गराउने प्रस्ताव गरेको छु । यसको साथै कृषि विकास बैंक र साझाका नियमित कार्यक्रम अन्तर्गत किसानहरुलाई पर्याप्त कृषि ऋण वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

४.५ सिंचाई विकास कार्यक्रम सन्चालन गर्न रु. ८२ करोड ९१ लाख छुटचाइएको छ । देशको मूलधनको रुपमा रहेको जल सम्पदाको उपयोग सिंचाईको लागी गर्नु साथै भूमिगत जल अन्वेषण तथा नदी नियन्त्रण जस्ता कार्यक्रमहरु पनि सिंचाई तर्फको वार्षि कार्यक्रममा समावेश छन् । यसको अतिरिक्त स–साना सिंचाई व्यवस्थाको लागि कृषि विकास वैंक मार्फत पनि ऋण उपलव्ध गर्ने व्यवस्था गरिएको छ ।

४.६ वन जङ्गल सम्पदाको संरक्षण र सम्वर्द्धन गर्न वन प्रशासनलाई प्रभावकारी रुपमा संगठन गर्ने, भू–संरक्षण सम्बन्धी आयोजनाहरुलाई व्यापक बनाउने, पुनर्वासलाई व्यवस्थित गर्ने र राष्ट्रिय निकुन्जको रुपमा वन्य जन्तु र आरक्षणको सुरक्षा गर्ने कामहरु गरिने छन् । वन सम्बन्धी कार्यक्रममा वातावरणीय अध्ययन, स्रोत संरक्षण, सामुदायिक वन, जडिबूटी प्रशोधन र वितरण, जलाधार विकास आयोजनाहरु पनि समावेश छन् ।

४.७ उद्योग क्षेत्रको विकासको निम्ति रु.६४ करोड ९९ लाख छुटचाइएको छ । यसमध्ये हेटौंडा सिमेण्ट कम्पनीको निर्माण सम्बन्धी कार्यमा तिव्रता ल्याउने उद्देश्यले उक्त परियोजनालाई रु.४४ करोड ४० लाख विनियोजन गरिएको छ । नवलपरासी जिल्लाको गैंडाकोटमा दैनिक १० टन उत्पादन क्षमता भएको भृकुटी कागज उद्योगको निर्माणको निमित्त रु.५ करोड ७३ लाख छुटचाइएको छ । उदयपुरमा स्थापना गर्न प्रस्तावित सिमेण्ट कारखानाको निर्माण सम्बन्धी प्रारम्भिक कार्यहरु गरिनेछ । नेपालगन्जमा कागज कारखाना खडा गर्न आवश्यक कार्य शुरु गरिने छ । राष्ट्रिय दृष्टिकोणबाट दैनिक व्यवहारका तथा अन्य आवश्यक सरसामानहरुको संचयको लागि सम्बन्धित कार्यक्रममा व्यवस्था गरिएको छ ।

४.८ घरेलु तथा ग्रामिण उद्योगको विकासको निम्ति संस्थागत विस्तार गरिएको छ । उत्पादनमूलक शीप विकास प्रशिक्षण कार्य विस्तार गर्न समेत सघन घरेलु तथा ग्रामिण उद्योग विकास कार्यक्रम सन्चालन गर्न रु. ६ करोड ७४ लाख छुटचाइएको छ ।

४.९ निजी क्षेत्रमा स्थापना हुने उद्योगहरुलाई वित्तीय सहयोग पुऱ्याउन नेपाल औद्योगिक विकास कर्पोरेशनलाई आवश्यक रकमको व्यवस्था गरेको छु। यसको अतिरिक्त उक्त कर्पोरेशनलाई अन्य स्रोतहरुबाट पनि साधन उपलव्ध गराई दिने व्यवस्था भएकोम छ। यसबाट निजी क्षेत्रका उद्योगपतिहरुलाई उद्योगहरुको स्थापना गर्न ठूलो सहयोग हुने विश्वास लिएको छु। यसै गरी घरेलु उद्योगहरुको निम्ति वाणिज्य बैंकहरु र कृषि विकास बैंकबाट ऋण उपलव्ध गराई दिने व्यवस्था गरिएको छ।

४.१० खनिज तथा भू–गर्भ सम्बन्धी अन्वेषण कार्यको सन्दर्भमा पेट्रोलियम अन्वेषण कार्यको लागि रु.३ करोड ७३ लाख व्यवस्था गरिएको छ। अधातु खनिज खोजी, खनिज उद्योग प्रवर्द्धन लगायत खानी एवं भूगर्भ सम्बन्धी विकासको निम्ति आगामी आर्थिक वर्षको लागि रु. ५ करोड ९८ लाख छुटचाइएको छ।

४.११ पर्यटन विकासको निम्ति रु.९७ लाख विनियोजन गरिएको छ। यसबाट प्रचार सामाग्री उत्पादन तथा वितरण, पर्यटन सूचना केन्द्र सुदृटीकरण तथा निर्माण, रिजोर्ट क्षेत्र विकास, पर्यटन सेवा विस्तार र पर्यटन प्रवर्द्धनको दृष्टिकोणले सर्वेक्षण तथा अनुसन्धानको कार्य गरिने छ।

४.१२ विद्युत विकासको क्षेत्रमा रु.८८ करोड ७७ लाख विनियोजन गरिएको छ। यसमध्ये मर्स्याङ्गदी जल विद्युत आयोजनाको लागि रु. १५ करोड ५१ लाख, कुलेखानी दोस्रो आयोजनाको लागि रु.१८ करोड १४ लाख छुटचाइएको छ। साथै आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न हुने देवीघाट जल विद्युत आयोजनाको निम्ति पनि रु.११ करोड ७४ लाख समावेश भएको छ।

४.१३ साथै, विद्युत प्रसारण लाइनको विस्तार सम्बन्धी कार्यक्रमलाई तथा साना जल विद्युत आयोजनाहरुको लागि रु. ३१ करोड ७८ लाख विनियोजन गरिएको छ।

४.१४ राष्ट्रको सर्वाङ्गीण विकासको निम्ति महत्वपूर्ण आधारशीलाको रुपमा रहेको सडक यातायातको विकासको निम्ति हामीले विगत अवधिहरुमा पनि पर्याप्त दृष्टि दिएको हौं। आगामी वर्षमा सडक यातायात विकासको निम्ति रकमको व्यवस्था गर्दा मुख्यतः निर्माणाधिन सडकहरुको निर्माण कार्य पूरा गर्ने, उत्तर–दक्षिण राजमार्गको निर्माणमा तिव्रता ल्याउने र थप सहायक मार्गहरुको निर्माण गरी सडक यातायातको सुविधाबाट कमी महसूस गरिरहेका जिल्लाहरुलाई सुविधा पुऱ्याउने दृष्टि राखिएको छ। यस अनुसार महेन्द्र राजमार्गको बांकी खण्ड निर्माण गर्न रु.२४ करोड ४४ लाख, महेन्द्र राजमार्गका सहायक मार्गहरु निर्माण गर्न रु.६ करोड ७८ लाख, उत्तर–दक्षिण राजमार्गहरुको निर्माणार्थ रु.८ करोड ९५ लाख र निर्माण भइसकेका सडकहरुको पुनः निर्माण तथा सुधारको लागि रु.११ करोड ८५ लाख छुट्चाइएको छ। आगामी आर्थिक वर्षमा सडक यातायात विकासको लागि विनियोजित रकम जम्मा रु.९० करोड २४ लाख छ।

४.१५ सडक यातायातको सुविधाबाट बन्चित रहेका क्षेत्रहरुलाई वैकल्पिक यातायातको सुविधा उपलव्ध गराउने दृष्टिकोणबाट समेत हवाई यातायातको सुविधालाई विस्तार गर्ने नीति अनुरुप विमानस्थलहरुको निर्माण तथा विद्यमान विमानस्थलहरुमा भौतिक सुविधाको वृद्धि गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ। आगामी आर्थिक वर्ष त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल टर्मिनल कम्प्लेक्स निर्माणार्थ रु.१० करोड ८१ लाख, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल धावन मार्ग सुदृढीकरणका लागि रु.४ करोड ९७ लाख तथा विभिन्न विमानस्थलहरुमा शौर्य शक्तिमा आधारित संचार उपकरण तथा अन्य उपकरणहरु जडान गर्ने कार्यका निम्ति रु.२ करोड ३५ लाख छुटचाइएको छ।

४.१६ दुर्गम क्षेत्रहरुमा आवागमनको सुविधा उपलव्ध गराउन झोलुङ्गे तथा अन्य पुलहरुको निर्माणको अति खांचो महसूस गरिएकोले यसको लागि रु.८ करोड २३ लाख विनियोजन गरिएको छ।

४.१७ संचार क्षेत्रमा आगामी आर्थिक वर्षमा थप छोटी हुलाकहरु स्थापना गरिने छन्। तेस्रो दूर संचार आयोजना अन्तर्गत टेलिफोन वितरण कार्यमा विस्तार गरिने छ। ग्रामिण दूर संचार संभाव्यता अध्ययन कार्य आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरिने छ। यी कार्यक्रमहरु संचालन गर्न संचारतर्फ आगामी आर्थिक वर्षको लागि जम्मा रकम रु.११ करोड १६ लाख छुटचाइएको छ।

४.१८ शिक्षा क्षेत्रतर्फ रु.७४ करोड ५३ लाख विनियोजन गरिएको छ। विज्ञान शिक्षाको गुणस्तर बढाउन माध्यमिक विद्यालयहरुमा आगामी वर्षदेखि विज्ञान शिक्षा योजना कार्यान्वयन गरिनेछ र प्राथमिक तथा उच्च शिक्षामा गुणात्मक वृद्धि गरिनेछ। आगामी आर्थिक वर्षमा शिक्षा क्षेत्रको लागि छुटचाइएको रकममध्ये प्राथमिक शिक्षाको लागि रु.३० करोड ८१ लाख र उच्च शिक्षाको लागि रु. ३१ करोड ४१ लाख उपलव्ध गराइने छ। देशको विभिन्न क्षेत्रमा भैरहेका विभिन्न विकास निर्माण कार्यमा टेवा पुऱ्वयाउन दक्ष तथा शीपमूलक प्राविधिक तिथा व्यावसायिक जनशक्ति तयार गर्नेतर्फ जोड दिइएको छ। सार्थ नवगठित राजकीय विज्ञान प्रज्ञा प्रतिष्ठानलाई आफ्नो कार्यक्रम संचालन गर्न आवश्यक रकम उपलव्ध गराइएको छ।

४.१९ स्वास्थ्य क्षेत्रमा स्वास्थ्य सेवाहरु उपलव्ध गर्ने कार्यक्रममा विस्तार गर्ने, अस्पतालको भौतिक सुविधा वृद्धि गर्ने र परिवार नियोजन तथा औलो उन्मूलन कार्यक्रमलाई विस्तार गर्ने लक्ष्य राखिएको छ। यस अनुरुप परिवार नियोजन कार्यक्रमको लागि रु.६ करोड ६ लाख, सामुदायिक स्वास्थ्य सेवाको लागि रु.४ करोड १६ लाख, औलो उन्मूलन कार्यक्रमको लागि रु.६ करोड ८२ लाख र विभिन्न अस्पताल भवनहरुको निर्माणको लागि रु.५ करोडि ८६ लाख छुटचाइएको छ।

४.२० अन्य सामाजिक क्षेत्रमा कूल रकम रु.७ करोड ९१ लाख विनियोजन गरिएको छ । यसबाट दिपायल तथा अन्य स्थानहरुमा नगर विकास गर्ने, लुम्बिनी विकास गर्ने कार्यक्रम, काठमाण्डौ उपत्यकाको शहरी क्षेत्रको भौतिक तथा सामाजिक वातावरण स्वच्छ पार्ने फोहोर मैला व्यवस्थापन परियोजनाका कार्यक्रमहरु संचालित हुने छन् । सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत रहेका विभिन्न समिति र संस्थाहरुसंग सम्बन्धित कार्यक्रम संचालन गर्न सो परिषद्लाई रु.१ करोड ४० लाख छुटचाइएको छ ।

४.२१ पन्चायत तथा स्थानीय विकास कार्यक्रम अन्तर्गत ग्रामिण खानेपानी आयोजनाहरुको लागि रु.३ करोड ७२ लाख, दुर्गम तथा पहाडी क्षेत्र विकास सम्बन्धी आयोजनाहरुको लागि रु.४ करोड ३५ लाख छुटचाइएको छ । यसको अतिरिक्त स्थानीय स्तरमा संचालन हुने विकास कार्यहरुलाई टेवा पुर्‍याउन रु.१४ करोड ३२ लाख अनुदान दिने व्यवस्था गरिएको छ ।

४.२२ आगामी आर्थिक वर्षमा राजस्वको वर्तमान स्रोतबाट रु. ३ अरब ९० करोड २० लाख प्राप्त हुने अनुमान छ, जुन यस आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा २८ प्रतिशतले बढी छ ।

४.२३ यसरी साधारण र विकास बजेट गरी कूल खर्च रु.९ अरब ५२ करोड २६ लाखमा राजस्वको वर्तमान स्रोतबाट रु.३ अरब ९० करोड २० लाख र अनुदान तथा ऋण सहायता समेत गरी जम्मा रु.४ अरब ६ लाख प्राप्त हुने रकम कटाउंदा रु.१ अरब ६२ करोड न्यून हुने अनुमान भएको छ ।

# २०४०–४१

# २०४० साल आषाढ २६ गते
# अर्थ मन्त्री डा.यादव प्रसाद पन्तले
# दिनु भएको बजेट बक्तव्य
# (भाग–२)

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ

**अध्यक्ष महोदय,**

५.१ मैले प्रस्तुत गरेको आगामी आर्थिक बर्षको आय–व्यय विवरणमा न्यून हुन आउने रकम पूर्ति गर्न थप राजश्व सङ्कलन गर्न प्रस्तावहरु अब प्रस्तुत गर्दछु ।

५.२ चालू आर्थिक बर्षमा कृषि उत्पादनमा भएको ह्रास तथा अन्तराष्ट्रिय बजारमा देखा परेको आर्थिक मन्दिको फलस्वरुप बैदेशिक ब्यापारमा प्रतिकूल असर परेतापनि राजश्व सङ्कलन गत बर्षको तुलनामा १४ प्रतिशत बृद्धि हुनेछ । नयाँ थपकरहरु लगाउनुको बदला करका दरहरुलाई बढी व्यवस्थित तथा व्यावहारिक बनाई प्रशासकीय यन्त्रलाई बढी सक्षम र सुदृढ गराई कार्यान्वयन गरिएमा राजश्व बढी सङ्कलन हुन सक्ने चालू बर्षको अनुभवको आधारमा आगामी आर्थिक बर्षमा पनि त्यस्तै व्यावहारिक पक्षलाई बढी ध्यान नदिई पुरानो बक्यौताहरु समेत प्रभावकारी रुपले सङ्कलन गरी कर र गैरकर राजश्वबाट बढी साधन जुटाउने व्यवस्था मिलाएको छु

५.३ बर्तमान करका दरहरु परिवर्तन गर्न प्रस्तावमा राष्ट्रिय आवश्यकता अनुकूल नभएका कार्यकलापलाई निरुत्साहित गरी हाम्रो विकास योजना तथा कार्यक्रममा निर्धारित प्राथमिकता अनुसारका क्षेत्रहरुमा राष्ट्रिय लगानीलाई प्रवाहित गरी उत्पादनमा बृद्धि हुने स्थिति पैदा गराउने दृष्टिकोण राखेको छु । आगामी आर्थिक बर्षको कर सम्बन्धी प्रस्तावहरु तैयार गर्दा माननीय सदस्यहरुले समय समयमा व्यक्त गर्नु भएका सुझावहरु तथा केन्द्रीय टेरिफ बोर्ड उद्योग वाणिज्य सघ, उद्योग र वाणिज्य व्यवसायमा संलग्न व्यक्तिहरु, अर्थविद्हरु र अन्य विभिन्न क्षेत्रबाट प्राप्त उपयुक्त सुझावहरुमा पनि ध्यान दिएको छु ।

५.४ अब म पहिले अप्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.५ निकासी प्रवर्द्धन कार्यमा बढी सुविधा दिने दृष्टिले सूठो र प्रशोधित छालाको निकासीमा निकासी महशूल पूर्णतः छुट गरेको छु । आलस, गहुँको चोकर, केही जडिबुटीहरुको निकासी महसूल घटाएको छु ।

५.६ देशबाट अप्रशोधित रुपमा निकासी हुने तोरी, सालको वियाँ, खयरको जरा, सावेघाँसको निकासी महशूल बृद्धि गरेको छु । भेडाबाख्राको निकासीमा प्रति गोटा रु.५।– निकासी महशूल कायम गरिएको छ । जिप्सम, साबुन, ढुङ्गा, म्याग्नेसाइट लगायत सबै किसिमका ढुङ्गाहरु र बालुवामा निकासी महशूल दर बृद्धि गरेको छु ।

५.७ विटुमीन,सिन्थेटिक ग्लु, ग्लेज्ड टायल, पाइप टोवाको र विद्युत स्वीच बोर्डको पैठारी महसूललाई भारतबाट ए.आर.वन फर्म अन्तर्गत पैठारी गर्दा श्री ५ को सरकारलाई प्राप्त हुने अन्तःशुल्क रकमलाई विचार गरी भारतबाट पैठारी हुँदा र तेश्रो देशबाट पैठारी हुँदा बराबर हुने गरी बृद्धि गरी मिलाइएको छ ।

५.८ स्वेदशी उद्योगहरुले उत्पादन गरेको वस्तुहरुको विक्रि वितरणले प्रोत्साहन पाई पैठारी हुने वस्तु भन्दा सस्तो मूल्य कायम हुने गरी उत्पादन बढाउनु भन्ने उद्देश्यले नूडल्स, ईटा, बनस्पति ध्यू, बिजुलीको तार, उनी धागो, गोली गठ्ठा, विष्फोटन पदार्थहरु, दन्त मञ्जन, स्टेनलेश स्टीलको भाँडाको पैठारीमा हाल लाग्ने महशूल दरमा १५ प्रतिशत सम्म र सरचार्जमा ५ प्रतिशतसम्म थप गरिएको छ।

५.९ सर्वसाधारण र कम आय भएको वर्गले घर घरमा स्वेटर तथा गलैचा बुन्ने  रोजगारीको फाइदा हासिल गरी आएको तथ्यलाई विचार गरी उलन र एक्रेलिक टप्सको हालको पैठारी महसूल दरमा २० प्रतिशत घटाइएको छ ।

५.१० तेश्रो देशबाट पैठारी हुने बस्तुहरुमध्ये कम आय भएका वर्गलाई असर नपार्ने गरी राजश्व सङ्कलन गर्न सकिने देखिएका भ्यान, मिनिबस, रेशमी कपडा, सिन्थेटिक कपडा, टेलिफोनका उपकरणहरु, इलेक्ट्रोनिक र भिडियो गेमहरु, स्टेपलर टाइपको हाते सिउने मेशिन, टुथपेष्ट, लाइटर लाइटर पत्थर, नुहाउने साबुन, टर्च जस्ता बस्तुहरुको पैठारी महशूल आज देखि बृद्धि गरेको छु ।

५.११ अस्थायी रुपमा नेपाल प्रवेश गर्ने कार्ने नभएका सवारी साधनमध्ये ट्रकमा प्रतिदिन रु.१००।– लागि आएकोमा त्यसलाई आजैदेखि बृद्धि गरी रु.२००।– लाग्ने गरी अस्थायी पैठारी महसूल दर कायम गरिएको छ ।

५.१२ झिटी गुण्टा आदेश अन्तर्गत दिइने सुविधाको उपयोग सही रुपमा गराउन आगामी श्रावण १ गते देखि लागु हुने गरी झिटीगुण्टा आदेशमा संशोधन गरिएको छ।

५.१३ आजदेखि निकासी कर्ता वा पैठारी कर्ताले दर्खास्त बस्तुको विवरणको साथै भन्सार दरबन्दीको संकेत नम्बर खुलाई पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । सोही आधारमा इजाजत पत्र जारी गरिदा उक्त संकेत नम्बर समेत इजाजत पत्रमा उल्लेख गरिनेछ । यसबाट इजाजत पत्र जारी गरिएका बास्तविक बस्तु बाहेक अन्य वस्तु आयात गर्न बढी नियन्त्रण हुन जानेछ ।

५.१४ माथि उल्लेख गरिए बमोजिम संशोधित भन्सार महसूल दरहरु अनुसूची १,२,३ र ४ मा दिइएको छ । प्रस्ताविक व्यवस्थाबाट रु.११ करोड ५० लाख थप राजश्व प्राप्त हुने अनुमान छ ।

५.१५ तोकिएका उद्योगहरुलाई चालु आर्थिक बर्षमा तिनीहरुको स्थापित क्षमताको ५० प्रतिशत वा तीन बर्षको अवधिमा गरेको उत्पादन मध्ये सबभन्दा बढी उत्पादनको प्रतिशतको आधारमा सोही अनुपातमा अन्तःशुल्कमा छूट दिइने व्यवस्था गरिएकोमा त्यसबाट उत्पादनमा अनुकूल प्रभाव देखिन थालेको आगामी बर्ष यी सुविधा सबै उद्योगहरुलाई लागु हुने व्यवस्था गरेको छु । यस व्यवस्थाबाट उद्योगहरु बढी क्षमतामा चल्न सक्षम हुनसक्ने भएकोले राजश्वमा समेत समष्टिगतरुपमा अनुकूल असर पर्न जाने विश्वास लिएको छु ।

५.१६ विदेशी कच्चा पदार्थमा आधारित सिन्थेटिक कपडा उद्योगको उत्पादनमा कपडाको लम्बाई र चौडाईको आधारमा मात्र अन्तःशुल्क दर कायम रहेकोमा आजैदेखि तौलको आधारमा पनि थप अन्तःशुल्क लाग्ने व्यवस्था गरिएको छ ।

५.१७ तल्लो स्तरको चुरोट र विडीमा लाग्ने अन्तःशुल्क दर घटाइएको छ । यस व्यवस्थाबाट संगठित क्षेत्रको यस्ता उतपादनको मूल्य कम हुन गई उत्पादनमा समेत बृद्धि हुन सक्ने देखिन्छ । संशोधित अन्तःशुल्क दर निम्न बमोजिम कायम गरिएको छ :

***चुरोट***

| | |
|---|---|
| (क) प्रति हजार खिल्ली रु.२५।– सम्म मोल पर्नेमा रु.१२।– | |
| (ख) प्रति हजार खिल्ली रु. २५।०१ देखि रु.३५।– सम्म मोल पर्नेमा | रु.२४।– |
| (ग) प्रति हजार खिल्ली रु. ३५।०१ देखि रु.५०।– सम्म मोल पर्नेमा | रु.६२।– |
| (घ) प्रति हजार खिल्ली रु. ५०।०१ देखि रु.७५।– सम्म मोल पर्नेमा | रु.९०।– |
| (ङ) प्रति हजार खिल्ली रु. ७५।०१ देखि रु.१२५।– सम्म मोल पर्नेमा | रु.१५८।– |
| (च) प्रति हजार खिल्ली रु. १२५।०१ देखि रु.१७५।– सम्म मोल पर्नेमा | रु.१६२।– |
| (छ) प्रति हजार खिल्ली रु. १७५।०१ देखि रु.२२५।– सम्म मोल पर्नेमा | रु.१८५।– |
| (ज) प्रति हजार खिल्ली रु. २२५।०१ देखि रु.२७५।– सम्म मोल पर्नेमा | रु.२००।– |
| (झ) प्रति हजार खिल्ली रु. २७५।०१ देखि माथि जतिसुकैमा | रु.२२५।– |
| सूर्तिबाट तैयार भएका सबै प्रकारका बिडी प्रतिहजार खिल्लीमा | रु.५।– |

५.१८ विना बोतल बन्दी खुल्ला विक्री वितरण हुने डिष्टिलरीबाट उत्पादित मदिरामा कम अन्तःशुल्क लगाई आएकोमा आज देखि त्यस्तो खुला मदिरामा बोतलबन्दीमा लाग्ने अन्तःशुल्क दर भन्दा प्रति एल.पी.लिटर रु.१।– बढी अन्तःशुल्क लाग्ने गरी दर कायम गरिएको छ । साथै ४० यू.पी. शक्तिदेखि ५० यू.पि.शक्तिसम्मको निम्न कोटीको बोलतबन्दी मदिरामा प्रति एल.पी. लिटर रु.१६।– अन्तःशुल्क दर कायम गरिएको छ।

५.१९ अन्तःशुल्क दरलाई परिमाणगत आधारबाट मूल्यगत आधारमा परिवर्तन गर्ने क्रममा समीलबाट चिरान भउको काठ र चियामा लाग्ने अन्तःशुल्क दर मूल्यको आधारमा कायम गरिएको छ । यसबाट मूल्यमा कुनै फरक हुने छैन ।

५.२० जस्तापाता, बनस्पति ध्यू जस्ता केही नयाँ बस्तुहरुको उत्पादनमा पनि अन्तःशुल्क दर तोक्ने व्यवस्था गरिएको छ।

५.२१ अन्तःशुल्क दरमा गरिएको परिवर्तन अनुसूची ५ मा प्रस्तुत गरेको छु । प्रस्तावित परिवर्तनबाट श्री ५ को सरकारलाई रु.५ करोड थप राजश्व प्राप्त हुने अनुमान छ ।

५.२२ विक्रीकरमा हाल कायम रहेको विक्रीकर दरको नीतिगत आधारमा बर्गीकरण गरी सबै बस्तुहरु समावेश गरी आजैदेखि नयाँ विक्रीकर दरबन्दी लागू गरेको छु । प्रसतावित दरबन्दीमा हाल विक्रीकर लागि आएका स्पेयर पार्टस्, रङ्गाउने पदार्थ, अल्कोहल नभएका पेय पदार्थ, लामखुट्टेनाशक पदार्थ, बच्चाको दुधदानी, इरेजर, कलम, पेन्सिल जस्ता वस्तुहरुको विक्रीकरको दर घटाएको छु । साथै, चिनीको क्यूव, कोको मिश्रित चकलेट, कृत्रिम रेशाबाट बनेको कपडा, निटेड कपडा, कर्कटपाता जस्ता सामानहरु विक्रीकर दर बृद्धि गरिएको छ । विक्रीकर छुट नपाउने गरी तोकिएको उद्योगहरु बाहेकका स्वदेशी उद्योगको उत्पादनमा साविकमा दिई आएको २५ प्रतिशत छुटको व्यवस्था कायम नै राखिएको छ ।

५.२३ स्वदेशी उद्योगको प्रतिस्पर्धात्मक स्थितिलाई सुधार गर्ने उद्देश्यले स्वदेशी उद्योगहरुले उत्पादन गर्ने वस्तुहरुमा प्रयोग हुने औद्योगिक कच्चा तथा सहायक पदार्थमा लाग्ने विक्रीकरलाई तैयारी वस्तुको तुलनामा कम हुने गरी विक्रीकर दरबन्दीको व्यवस्था गरेको छु ।

५.२४ रुग्ण उद्योगहरुलाई ६० प्रतिशत विक्रीकरमा छुट दिइने व्यवस्था आगामी आर्थिक बर्षमा पनि यथावत् रुपमा कायम राखेको छु ।

५.२५ विक्रीकर दरबन्दी अनुसूची ६ मा दिइएको छ । प्रस्तावित व्यवस्थाबाट रु.८ करोड थप राजश्व प्राप्त हुने अनुमान छ । विक्रीकरको प्रस्तावित दर आजै देखि लागू हुनेछ ।

५.२६ सिनेमाहलहरुमा सुधार सम्भार गरी दर्शकबृन्दलाई बढी सुविधा पुर्‍याउन हलधनीहरुलाई प्रोत्साहित गर्ने दृष्टिले आगामी श्रावण १ गते देखि लागु हुने गरी निम्न बमोजिम प्रवेश शुल्क र मनोरञ्जन करको प्रतिशत कायम गरिएको छ :

| | | |
|---|---|---|
| प्रवेश शुल्क रु.–।५२ मा | | ९२ प्रतिशत |
| प्रवेश शुल्क रु.१।५५ मा | | ११० प्रतिशत |
| प्रवेश शुल्क रु.२।– मा | | १५० प्रतिशत |
| प्रवेश शुल्क रु.२।५० मा | | २१० प्रतिशत |
| प्रवेश शुल्क रु.३।– मा | | २१७ प्रतिशत |
| प्रवेश शुल्क रु.३।३८ मा | | २२५ प्रतिशत |

उपर्युक्त दरमा उपत्यका बाहिरका सिनेमा प्रदर्शनमा २० प्रतिशत र सीमाना देखि १ किलोमिटर भित्रको सिनेमा प्रदर्शनमा ३० प्रतिशत मनोरञ्जन करमा छूट दिइएको छ। साविकको छूटको व्यवस्था खारेज गरिएको छ।

५.२७ प्रस्तावित परिवर्तनबाट रु.१० लाख थप राजश्व प्राप्त हुने अनुमान छ।

५.२८ अब म प्रत्यक्ष कर सम्बन्धी प्रसतावहरु पेश गर्दछु।

५.२९ विगत केही बर्षदेखि कायम राखिएको छुटको सीमाबाट कम तथा निश्चित आय भएको वर्गलाई बढ्दो बजार भाउको कारणले परेको कठिनाईलाई ध्यानमा राखी आयकर छुटको सीमा बृद्धि गरी आगामी बर्षदेखि व्यक्तिलाई बार्षिक रु.१००००।– बाट रु. १५,०००।– र दम्पति वा परिवारलाई छुटको सीमा रु.१५,०००।– बाट रु.२०,०००।– कायम गरिएको छ। त्यसपछिको आयमा लाग्ने आयकरको दर निम्नबमोजिम हुनेछ :

| | | | |
|---|---|---|---|
| छुट पछिको | रु.५,०००।– | मा | १० प्रतिशत |
| त्यसपछिको | रु.५,०००।– | मा | १५ प्रतिशत |
| त्यसपछिको | रु.१०,०००।– | मा | २० प्रतिशत |
| त्यसपछिको | रु.१५,०००।– | मा | २५ प्रतिशत |
| त्यसपछिको | रु.१५,०००।– | मा | ३० प्रतिशत |
| त्यसपछिको | रु.३०,०००।– | मा | ४० प्रतिशत |
| त्यसपछिको | रु.२,००,०००।– | मा | ५० प्रतिशत |
| त्यसपछिको | माथि जतिसुकैमा | | ५५ प्रतिशत |

फर्म, कम्पनी, संगठित संस्था र अस्थायी बासिन्दाको आयमा आयकर नलाग्ने गरी छुट दिइने छैन र लाग्ने करको दर निम्नबमोजिम हुनेछ :

| | | | |
|---|---|---|---|
| पहिलो | रु.५,०००।– | मा | ५ प्रतिशत |
| त्यसपछिको | रु.५,०००।– | मा | १० प्रतिशत |
| त्यसपछिको | रु.५,०००।– | मा | १५ प्रतिशत |
| त्यसपछिको | रु.१०,०००।– | मा | २० प्रतिशत |
| त्यसपछिको | रु.१५,०००।– | मा | २५ प्रतिशत |
| त्यसपछिको | रु.१५,०००।– | मा | ३० प्रतिशत |
| त्यसपछिको | रु.१५,०००।– | मा | ४० प्रतिशत |
| त्यसपछिको | रु.३०,०००।– | मा | ५० प्रतिशत |
| त्यसपछिको | माथि जतिसुकैमा | | ५५ प्रतिशत |

५.३० फर्म, कम्पनी तथा संगठित संस्थाले व्यापारिक कारोवार गरी आर्जन गरेको व्यापारिक आयमा लाग्ने कर रकममा हाल ५ प्रतिशत थप कर लागि आएकोमा आगामी बर्ष १० प्रतिशत थप कर लगाइने र अस्थायी बासिन्दाहरुको आयमा लाग्ने कर रकममा हाल ७ प्रतिशत थप कर लागि आएकोमा आगामी बर्ष १२ प्रतिशत थप कर लगाइने व्यवस्था गरिएको छ।

५.३१ प्रस्तावित व्यवस्थाबाट आगामी बर्षमा रु.३ करोड ३० लाख थप राजश्व प्राप्त हुने अनुमान छ।

५.३२ शहरी क्षेत्रमा घरजग्गा करदाताको लगत अद्यावधिक तुल्याउन आगामी आर्थिक बर्षमा यस कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था गरेको छु। साथै कर निर्धारण नभएका घरजग्गाको हकमा तत्कालै कर निर्धारण गरिने व्यवस्था मिलाएको छु। यस प्रकार अघिल्ला बर्षहरुको घरजग्गा कर निर्धारण गरिंदा पुराना तिर्नुपर्ने कर रकम पाँच बर्ष भित्र किस्ताबन्दीमा बुझाउन सक्ने सुविधा प्रदान गरिने छ। चालु बर्षको कर भने कानूनले दिएको म्याद भित्र बुझाउनु पर्नेछ। म्याद भित्र चालु बर्षको घरजग्गा कर नबुझाएमा आगामी बर्षदेखि सो रकमको बार्षिक ५ प्रतिशत शुल्क लाग्ने प्रस्ताव गरेको छु।

५.३३ घरजग्गा करको दरबन्दी यथावत् कायम गरिएको छ। तर पनि प्रशासनिक सुदृढीकरण र उपयुक्त व्यवस्थाबाट थप रु.२ करोड राजश्व संकलन हुने अनुमान छ।

५.३४ चालु आर्थिक बर्षदेखि लागु गरिएको राजमार्गमा चल्ने सवारीका साधनहरुमा राजमार्ग स्थित ६ वटा पूलहरुमा मात्र लगाइएको सडक पूल सम्भार करमा अञ्चल दर्ता छुटको व्यवस्थालाई आगामी आर्थिक बर्षदेखि खारेज गरी राजमार्गस्थित निम्नलिखित थप पूलहरुमा पनि सडक पूल सम्भारकर लाग्ने गरिएको छ । सवारी साधनहरुमध्ये मोटरसाइकल, स्कूटर र ट्रेक्टरमा यो कर छूट दिइएको छ। सडक पूल सम्भार करबाट उठेको रकमको १० प्रतिशत पूलहरुको सम्भारमा खर्च गर्न उपलब्ध हुने व्यवस्था मिलाएको छु। सडक पूल सम्भार करको दरबन्दी र थप पूलहरु निम्न बमोजिम छन् :

***कर लाग्ने थप पूलहरु र संकलन गर्ने स्थान***

| | |
|---|---|
| (१) त्रिभुवन राजपथ | विसे पूल |
| (२) सिद्धार्थ राजमार्ग | रामदी पूल |
| (३) महेन्द्र राजमार्ग | कोशी ब्यारेज पूल |
| (४) धरान–जोगवनी राजमार्ग | दुहवी पूल |
| (५) अरनिको राजमार्ग | दोलालघाट पूल |
| (६) त्रिशुली राजमार्ग | तादी पूल |

***कर दस्तुर (प्रत्येक पटक यात्राको लागि)***

| | |
|---|---|
| (१) टेम्पो र थ्री हीलर | रु.१।– |
| (२) कार,जीप, पीकअप भ्यान | रु.५।– |
| (३) मिनी बस | रु.१०।– |
| (४) बस र ट्रक | रु.१५।– |

राजमार्गमा एकभन्दा बढी स्थानमा लाग्ने सडक पूल सम्भार कर सबै स्थानको लागि शुरु स्थानमा तिर्न सकिने व्यवस्था समेत गरिएको छ ।

५.३५ यस बाट रु.३ करोड थप राजश्व प्राप्त हुने अनुमान छ।

५.३६ परिवर्त्य विदेशी मुद्रा आर्जनमा बृद्धि गर्न एक प्रमुख श्रोतको रुपमा रहेको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्नुपर्ने कुरामा सबैको सहमति रहेको छ । यस सन्दर्भमा पर्यटकहरुको नेपाल आगमनलाई सुविधा जनक तुल्याई बढी आकर्षण गराउने तर्फ ध्यान दिनु आवश्यक छ । हालसम्म पर्यटकहरु उद्गम हुने खास गरी यूरोपेली देशहरुसँग हाम्रो प्रत्यक्ष हवाई सेवा नभएको र शाही नेपाल वायुसेवा निगमको वाह्य उडान सेवा एशियाका केही देशहरुमा मात्र विस्तार गर्न सक्षम भएकोले हाल पर्यटनहरुको नेपाल आगमन बढी खर्चिलो भएको छ। यस परिप्रेक्षमा विदेशी बायु सेवाहरुलाई शाही नेपाल वायु सेवा निगमको वाह्य सेवा नभउका देशहरुबाट त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, काठमाडौ भई अन्य देशहरु बीच उडान सेवा संचालन गर्न दिने सम्बन्धमा श्री ५ को सरकारले आवशयक निर्णय लिनेछ । यस व्यवस्थाबाट एशियाली देशहरुको भ्रमणमा आउने पर्यटकहरु बढी संखयामा नेपाल आउने हुनाले पर्यटन उद्योगको हालको स्थितिमा सुधार हुनुको साथै विदेशी मुद्रा आर्जनमा समेत ठोस उपलब्धी हुनेछ ।

५.३७ पर्यटन प्रवर्द्धन कार्यको लागि र उद्योग संचालनको लागि त्यस्ता उद्योगले आर्जन गरेको रकमको २० प्रतिशतसम्म खर्च गर्न विदेशी मुद्रा उपलब्ध गराइने व्यवस्था मिलाइएको छ ।

५.३८ यस व्यवस्थाबाट आगामी आथिक बर्षमा विदेशी मुद्रा आर्जनमा पर्याप्त बृद्धि हुनुको साथै प्रत्यक्ष रुपमा होटल कर, हवाई उडान कर संकलनमा बृद्धि भई रु.३ करोड थप राजश्व प्राप्त हुने अनुमान छ ।

५.३९ आगामी बर्षमा पनि मालपोत र भूमिकरको साविकको सबै व्यवस्थालाई यथावत् रुपमा कायम राखेको छु । भूमिकर नगर पञ्चायतको शहरी क्षेत्रमा मात्र लाग्ने व्यवस्था छ । समयमा मालपोत नबुझाएमा ३५ प्रतिशत थप शुल्क लाग्ने व्यवस्थामा परिवर्तन गर्ने सम्बन्धमा विधेयक पेश गरिने भएको व्यहोरा जानकारी गराउन चाहन्छु । जिल्ला पञ्चायतहरुलाई प्रदान गरिने मालपोतको रकम त्यसै आर्थिक बर्षमा संकलन भए अनुसार उपलब्ध गराउँदै जाने व्यवस्था मिलाइएको छ । चालू बर्ष उठेको मालपोतबाट जिल्ला पञ्चायतहरुलाई प्रदान गरिने बाँकी रकम आगामी बर्षमा उपलब्ध गराउने व्यवस्था बजेटमा गरिएको कुरा पनि अवगत गराउँदछु ।

५.४० रजिष्ट्रेशन दस्तुरको सम्बन्धमा राजिनामा र बकसपत्रको लिखत पास गर्दा लाग्ने दस्तुरमा एकरुपता कायम गरेको छु । रु.५०००।– सम्मको थैली पास गर्दा सबै ठाउँको खरिद विक्री, बकसपत्र र अंशबण्डाको लिखतमा न्यूनतम समदर लाग्ने व्यवस्था गरिएको छ । शहरी क्षेत्रको लिखतमा थैली अङ्क बढ्दै गएको आधारमा दस्तुरको दर पनि बढ्दै २१ प्रतिशत सम्म लाग्ने हालको व्यवस्थामा व्यावहारिकताको आधारमा समेत विचार गरी सो दरलाई घटाई त्यस्तो लिखतमा आजैदेखि खरिद गर्नेलाई ५ प्रतिशत मात्र रजिष्ट्रेशन दस्तुर लाग्ने व्यवस्था गरेको छु । शहरी क्षेत्र बाहेक अन्य क्षेत्रको घरजग्गाको राजिनामा र हालको बकसपत्रको लिखतमा रजिष्ट्रेशन दस्तुर दर ७ प्रतिशत लाग्ने गरिएको छ ।

५.४१ अधिराज्यभर अंशवण्डाको लिखतमा लाग्ने दस्तुर दर हाल बढीमा ७ प्रतिशत सम्म भएकोमा अब देखि ५ प्रतिशत मात्र लागने गरी कायम गरिएको छ।

५.४२ लिखतमा उल्लेख गरिने थैलीको सम्बन्धमा मालपोत ऐन, २०३४ लागू भएका जिल्लाहरुमा थैली अङ्क श्री ५ को सरकारले सम्बन्धित क्षेत्रको जग्गा जमीनको चलन चल्तीको मूल्यको आधारमा न्यूनतम मूल्य तोकी थैली कायम गरिने व्यवस्था मिलाएको छु ।

५.४३ संस्थागत लेनदेनलाई बढावा दिन बैंकहरुले दिने ऋणको लिखत पास गर्दा हाल लाग्ने ३ प्रतिशत दस्तुर दर अब देखि नलाग्ने व्यवस्था गरिएको छ ।

५.४४ घरजग्गाको राजिनामा लिखत अन्य जिल्लामा पास गर्ने प्रबृत्तिलाई अझ बढी निरुत्साहित गर्ने दृष्टिले हाल थप दस्तुर ५ प्रतिशत लागि आएकोमा त्यसमा बृद्धि गरी ७ प्रतिशत थप दस्तुर लगाउने प्रस्ताव गरेको छु ।

५.४५ रजिष्ट्रेशन दस्तुर बारेको प्रस्तावित दरहरु अनुसूची ९ मा दिइएको छ । यो व्यवस्था आजैदेखि लागू गरिने छ । प्रस्तावित व्यवस्थाबाट रु.४ करोड ५० लाख थप राजश्व प्राप्त हुने अनुमान छ ।

५.४६ माथि प्रस्तुत गरिएको विभिन्न करको दर एवं व्यवस्थामा सुधार ल्याइएबाट जम्मा रु.४० करोड ४० लाख थप राजश्व प्राप्त हुने अनुमान छ ।

५.४७ माथि उल्लेख भएका परिवर्तनहरु बाहेक अरु सबै करका दरहरु साविक बमोजिम कायम राखेको छु ।

अध्यक्ष महोदय,

५.४८ देशको कूल राजश्वमा गैर कर राजश्वको अंश करिब १७ प्रतिशत छ । विगत चार बषृको अवधिमा गैर कर राजश्व औसतमा बार्षिक ९ प्रतिशतले मात्र बृद्धि भएको छ । यी श्रोतहरुको दर र संकलन पद्धतीमा सुधार गरी बढी राजश्व सकलन गर्न सकिने गुञ्जायस देखेको छु । आगामी बर्ष सरकारी क्षेत्रबाट विक्री हुने सेवा एवं वस्तुहरुको गुणस्तर तथा संकलन पद्धतिमा सुधार गर्नुको साथै श्री ५ को सरकारबाट संचालन भइरहने अवधिमा कुलेखानी आयोजनाबाट उत्पादित विद्युत शक्तिको विक्रीबाट समेत गरी करीब रु.९ करोड थप राजश्व संकलन हुन जाने अनुमान छ ।

५.४९ सरकारी औद्योगिक र व्यापारिक संस्थानहरुको कुशल संचालन र तिनीहरुको मूल्य नीतिमा सुधार गरी राजश्वमा ठोस योगदान दिन सक्षम तुल्याउन चालू बर्षमा लिइएका कदमहरु बारे मैले माथि उल्लेख गरि सकेको छु । आज सबै जसो विकासोन्मुख देशहरुको सरकारी संस्थानहरुको भूमिलाई सेवा प्रदान गर्ने माध्यमको रुपमा मात्र नहेरी राजश्व परिचालन गर्ने माध्यम पनि बनाउन थालेका छन् । यस परिप्रेक्षमा हाम्रो सरकारी संस्थानहरुमा भएको लगानीको अनुपातमा प्रापत लाभांश ज्यादै नगण्य छ । यसो हुनुमा नाफा गरिरहेका सरकारी संस्थानहरुले पनि लाभांश नबुझाई सो रकमबाट पूँजीगत विस्तार गर्ने गरेकोले पनि हो । यसकारण आगामी बर्षदेखि पूँजीगत लगानी गर्दा त्यसबाट हुने लाभ र लागतको मूल्याङ्कन गरी श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरेपछि मात्र लगानी गर्न पाउने व्यवस्था गरिने भउको छ । साथै नाफाको निश्चित प्रतिशत श्री ५ को सरकारमा अनिवार्य रुपले जमा गर्नुपर्ने व्यवस्था गरिने छ । सार्वजनिक सेवा प्रदान गर्ने संस्थानहरुले आफ्नो सेवामा नियमितता ल्याउनुको साथै सबे संस्थानहरुले आफ्नो सम्पत्तिको स्याहार संभार नियमित रुपले गर्ने व्यवस्था गर्न सजग गराइएको छ ।

५.५० सरकारी संस्थान तथा अन्य औद्योगिक प्रतिष्ठानहरुमा श्री ५ को सरकारले ऋणको रुपमा निकै ठूलो मात्रामा लगानी गरिसकेको छ । तर संस्थानहरुले समयमानै साँवा र ब्याज तिर्ने तर्फ ध्यान पुऱ्याउने नगरेको मेरो जानकारीमा आएको छ । आर्थिक अनुशासन कायम गर्न संस्थानहरुले आफ्नो नगद प्रवाह व्यवस्थामा श्री ५ को सरकारलाई तिर्नु पर्ने साँवा ब्याज र बक्यौता समेत समावेश गर्नुपर्ने निर्देशन दिएको छु । यसबाट करिब रु.१५ करोड थप राजश्व प्राप्त हुनेछ । यी बाहेक लिलाम गर्नुपर्ने सरकारी सम्पत्तिहरुको लिलाम विक्री समयमै हुन सकेमा पनि त्यसबाट सरकारी आम्दानीमा बृद्धि हुन सक्ने देखेको छु । यसप्रकार गैर कर राजश्वका विभिन्न श्रोतहरुमा सामयकि सुधार गरी बढी राजश्व संकलन गर्ने अठोट गरेको छु । यी कदमहरुको फलस्वरुप आगामी बर्ष गैर कर राजश्वबाट उल्लेखनीय बृद्धि हुने अनुमान गरिएको छ।

५.५१ यस प्रकार मैले माथि उल्लेख गरेको कर प्रस्तावहरुबाट रु.४० करोड ४० लाख थप राजश्व हुने हुँदा जम्मा न्यून रु.१ अर्ब २१ करोड ५९ लाख ९१ हजार हुन आउँछ । यसलाई आन्तरिक ऋण उठाई पूर्ति गर्ने प्रस्ताव गर्दछु । यसरी न्यून पूर्ति गर्दा यसबाट मुद्रास्फिति हुन नजावस् भन्ने दृष्टिले प्रस्तावित आन्तरिक ऋणमध्ये रु.३५ करोड गैर बैकिङ्ग क्षेत्रले मात्र लगानी गर्न पाउने गरी ऋण पत्र निष्काशन गरिने छ । यी ऋणपत्रहरुलाई बढी आकर्षित गराउन १२ प्रतिशत ब्याज दिने र यसबाट हुने आयमा आयकर नलाग्ने व्यवस्था गरेको छु । यसरी यी ऋणपत्रहरुमा जनतासँग रहेको रकम लगानी हुने हुँदा त्यस हदसम्म मुद्रा प्रदाय संकुचन हुने भई मुद्रास्फिति घटाउन सहायक हुनेछ ।

५.५२ यसरी बजेटको संरचनामा मैले बजेटको घाटालाई यथासक्य कम गर्ने प्रयास गरेको छु । मैले माथि उल्लेख गरेको कदमहरु कडाइका साथ अवलम्बन गरिने र बजेटको कार्यानवयनको सिलसिलामा खर्चमा नियन्त्रण गरिने भएकोले घाटाको रकम अझ कम हुने आशा राखेको छु ।

अध्यक्ष महोदय,

६.१ मैले प्रस्तुत गरेको आगामी आर्थिक बर्षको बजेट दलविहिन पञ्चायती व्यवस्थाले परिकल्पना गरेको आर्थिक विकासको उद्देश्य हासिल गर्न परिलक्षित छ । यस बजेटले न्यूनतम आधारभूत आवश्यकता पूरा गरी सर्वसाधारण जनताको जीवनस्तर माथि उठाउने श्री ५ को सरकारको प्रतिवद्धतालाई साकाररुप दिने छ । मैले शुरुमा उल्लेख गरेका आर्थिक क्षेत्रमा देखापरेका निम्न लिखित प्रबृत्ति तथा आवश्यकतालाई नै मध्यनजरमा राखी आगामी आर्थिक बर्षको आय–व्यय एवं साधनको विनियोजन तर्जुमा गर्ने प्रयास गरेको हुँ :

(१) देशको महत्वपूर्ण क्षेत्र कृषिको उत्पादनमा आएको ह्रास,
(२) बढ्दो विकास खर्च पूरा गर्न आन्तरिक श्रोतलाई ठूलो मात्रामा बढाउनु पर्ने आवश्यकता,
(३) निर्यातमा ह्रास भई बैदेशिक ब्यापार घाटा निरन्तर बढ्दै गएको स्थिति,
(४) प्रतिकूल शोधनान्तर स्थितिको कारणले गर्दा विदेशी मुद्रा कोषमा परेको चाप,
(५) मुद्रा स्फितिको बढ्दो दर,
(६) मुद्रा प्रदाय विस्तार हुन नदिन बजेटको न्यून वान्छित सीमा भित्र राख्नु पर्ने अवस्था ।

६.२ देशको वर्तमान स्थितिमा सरकारी वित्तीय व्यवस्था सञ्चालन ज्यादै जटिल हुँदै गएको छ । एकातिर हाम्रो आर्थिक विकासको दरलाई तीब्र पार्न लगानी बढाउन तथा जनताको बढ्दो आकांक्षा अनुरुप न्यूनतम आवश्यकता पूर्ति गर्न खर्च बढाउँदै जानु परेको छ भने मुद्रा स्फिति नियन्त्रण गर्न तथा शोधनान्तर स्थितिमा सुधार गर्न बजेटको घाटालाई कम गर्नु परेको छ । त्यस्तै बढ्दो खर्चको आवश्यकतालाई साधन जुटाउन राजश्व संकलन बढाउन जरुरी छ भने उद्योग प्रवर्द्धनको लागि विभिन्न किसिमका कर सहुलियत दिनु पर्दा आयातमा नियन्त्रण गर्नु पर्ने स्थितिले गर्दा करको क्षेत्रनै साँघुरो भएको छ । यस बाहेक, कृषि, उद्योग र निर्यातको विकास तथा प्रवर्द्धनको लागि विभिन्न किसिमका वित्तिय सुविधा तथा सहयोग पुऱ्याउनु परेको छ । यसमा विभिन्न किसिमका कठिनाईहरुलाई ध्यानमा राखी यथासक्य सामन्जस्य कायम गर्ने प्रयास गरेको छु ।

६.३ बजेट तर्जुमा गर्दा यस सदनमा माननीय सदस्यहरुले व्यक्त गर्नु भएको भावना तथा सल्लाहहरुलाई मैले मार्गदर्शनको रुपमा लिएको छ । मूलतः देशको आर्थिक सन्तुलनलाई कायम राख्न सरकारी खर्चलाई यथासक्य कम गर्ने प्रयास गरेको छु । हाम्रो आवश्यकता वा हाम्रा आकांक्षालाई मात्र हेर्ने हो भने निश्चयनै हाम्रो बजेटको आकार धेरै बढाउनु पर्ने हुन्छ । तर हामीले नचाहेर पनि हाम्रो खर्चलाई घटाउनु पर्ने आजको बाध्यता छ । सीमित साधनद्धारा असीमित आवश्यकता एवं आकांक्षाहरु एकै चोटी परिपूर्ति गर्न खोजेमा यसले बढी समस्याहरु मात्र जन्माने हुन्छ । यही नै हाम्रो लागि ठूलो चुनौतीको रुपमा रही आएको छ । तसर्थ मैले माथि उल्लेख गरे झै वर्तमान स्थितिमा हाम्रो सम्पूर्ण कृयाकलाप आर्थिक स्थायित्व तर्फनै केन्द्रित हुन परेको छ । मलाई विश्वास छ, माननीय सदस्यहरुको कृयाशील समर्थन र सहयोगबाट हामी देशमा आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न सफल हुनेछौं एवं हाम्रो आर्थिक विकासको लागि लगानीको दर बृद्धि गर्दै जान समर्थन हुनेछौं ।

६.४ जुनसुकै बजेटको सफलता पनि यसको कार्यान्वयनको प्रभावकारितामानै निर्भर रहन्छ । प्रस्तुत बजेटले प्रतिपादित गरेका नीतिहरुको मर्मलाई बुझि हरेक क्षेत्रबाट यसको कार्यान्वयनमा अनुशासन, लगनशीलता र विवेकपूर्ण कृयाकलापहरु भएमा सफलता अवश्यंभावी छ भन्ने कुरामा म विश्वास गर्दछु । प्रस्तुत बजेटले लिएको आर्थिक उद्देश्य तथा नीति अनुसार अर्थ व्यवस्थाको हर क्षेत्रमा समन्वयात्मक रुपले श्री ५ को सरकारका सबै निकायहरुले कदम चाल्नुका साथै निजी क्षेत्रमा उद्यमी एवं मजदूर सबै पक्षबाट सहयोग प्राप्त हुने छ भन्ने मैले आशा एवं भरोसा लिएको छु ।

६.५ हाम्रो जस्तो सीमित श्रोत र साधन एवं भौगोलिक कठिनाईहरु भएको देशमा आर्थिक विकासएक जटिल प्रक्रिया हो । यस चुनौतीको सामना कुनै एक व्यक्ति, निकाय वा समुदायबाट मात्र हुन सक्दैन । यसमा सम्पूर्ण जनताको सहभागिताको खाँचो पर्छ । खास गरी जन प्रतिनिधिहरुले जनमानसमा विकास प्रक्रियाको जटिलता बोध गराई उनीहरुमा धैर्यता जगाउने, व्यवस्थाको आर्थिक विकास गर्ने क्षमतामा उनीहरुलाई विश्वस्त गराई नयाँ जोश र जाँगर जगाउने र जनतालाई प्रत्यक्ष विकास प्रक्रियामा सहभागी बनाई विकासको प्रतिफल न्यायपूर्ण ढंगले वितरण गराउने जस्ता गहन कार्यहरुमा महत्वपूर्ण भूमिका निभाउनु पर्ने हुन्छ । व्यवस्थाको निर्दलीयताको सिद्धान्तमा अन्तर्निहीत भावना पनि यही हो ।

६.६ आर्थिक उपलब्धिनै कुनै पनि व्यवस्थाको सफलता जाँच्ने कसी हो । आर्थिक विकासबाट मात्र राजनैतिक उपलब्धिहरुको जगेर्ना हुन्छ । त्यसैले राष्ट्रको सम्पूर्ण शक्ति एक जुट भई आर्थिक विकास प्रक्रियामा संलग्न हुन नै आजको समयको माग हो । यही वास्तविकतालाई हृदयंगम गरेर नै राष्ट्रको सम्पूर्ण श्रोत, शक्ति र साधन परिचालन गर्दै आर्थिक विकासलाई अभियानको रुपमा अगाडि बढाउँदै लैजाने उद्देशय राखेको छु ।

६.७ अध्यक्ष महोदय, वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक स्थितिबाट हामी विचलित हुन पर्ने अवस्था नभए तापनि सचेत भने जरुर हुनु परेको छ । हामीले हाम्रो भविष्य प्रति आशा राख्ने पर्याप्त ठाउँहरु भएको कुरामा मलाई पूरा भरोसा छ । **श्री ५ महाराजाधिराज सरकार**को वरद् नेतृत्वमा हामीले राजनैतिक स्थायित्व प्राप्त गर्नुका साथै विभिन्न तहका राजनैतिक इकाईहरु सुदृढीकरण गर्नमा ठूलो सफलता प्राप्त गरी सकेका छौं । हामी नेपालीहरु आइपर्दा कुनै पनि चुनौतिको सामना गर्न पछि परेका छैनौं र आवश्यकता परेको बखत हामीले जस्तोसुकै मेहनत र त्याग पनि गर्दै आएका छौं । हामी नेपाली सबैले देशको वर्तमान आर्थिक स्थितिलाई हृदयंगम गरी आ–आफ्ना क्षेत्रबाट श्रम तथा केही त्याग गरेमा मात्र राष्ट्रनायक **श्री ५ महाराजाधिराज सरकार**को विकास प्रतिको सदिच्छा साकार पार्न सफल हुनेछौं ।

आय व्ययको विवरण

रु. हजारमा

| आ.ब. ०३७।३८ को यथार्थ | विवरण | आ.ब. ०३९।४० को संशोधित अनुमान | आ.ब. ०४०।४१ को अनुमान |
|---|---|---|---|
| ५३६१३१४ | कूल खर्च | ६९४९१०० | ९५२२६१३ |
| १६३४३८३ | साधारण तर्फ | २१४०६०० | २४२९२९० |
| ३७२६९३१ | विकास तर्फ | ४८०८५०० | ७०९३३२३ |
| | खर्च व्यहोर्ने श्रोतहरु | | |
| २६७९५४० | राजश्व | ३०५५५५५ | ४३०६००० |
| | राजश्वको वर्तमान श्रोतबाट | | ३९०२००० |
| | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | | ४०४००० |
| ९९३३०४ | बैदेशिक सहायता (अनुदान) | १३९४६९६ | १६६५९७४ |
| ७९९६२५ | द्विपक्षीय | ११७७०५७ | १३४३१४७ |
| १९३६७९ | बहुपक्षीय | २१७६३९ | ३२२८२७ |
| -१६८८४७० | बचत (+) न्यून (−) | -२४९८८४९ | -३५५०६३९ |
| | न्यून पूर्ति गर्ने श्रोतहरु | | |
| ७२९८८२ | विदेशी सहायता (ऋण) | ११४१११५ | २३३४६४८ |
| १०९८३१ | द्विपक्षीय | ९८६७१ | ३०६५४७ |
| ४५६८२१ | बहुपक्षीय | ९९२४४ | १९७८१०१ |
| १६३२३० | सोधभर्ना प्राप्त | ५०००० | ५०००० |
| ५००००० | आन्तरिक ऋण | १०००००० | १२१५९९१ |
| ५००००० | (क) ऋणपत्रहरु | १०००००० | ८६५९९१ |
| | (ख) ऋणपत्रहरु (गैर बैंक क्षेत्रको लागि मात्र | | ३५०००० |
| ४५८५८८ | नगद मौज्दातमा परिवर्तन (− बचत) | ३५७७३४ | ० |

राजश्व अनुमान

आर्थिक बर्ष २०४०/४१

अनुसूची २

रु.हजारमा

| संकेत संख्या | शीर्षक | उप – शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कूल जम्मा | ३९०२००० | ४०४००० | ४३०६००० |
| १.१.१.० | भन्सार महसूल | | ९३५००० | ११५००० | १०५०००० |
| १.१.१.१ | | पैठारीबाट | ८५०००० | ७५००० | ९२५००० |
| १.१.१.२ | | निकासीबाट | ४०००० | २०००० | ६०००० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ४०००० | २०००० | ६०००० |
| १.१.१.४ | | भन्सारको अन्य आय | ५००० | ० | ५००० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | | १४५५००० | १९१००० | १६४६००० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ३९२५०० | ५०००० | ४४२५०० |
| १.१-२.२ | | मदभट्टी ठेक्का रकम | १०००० | ० | १०००० |
| १.१.२.३ | | बिक्री कर | ९००००० | ८०००० | ९८०००० |
| १.१.२.४ | | मनोरञ्जन कर | २२५०० | १००० | २३५०० |
| १.१.२.६ | | होटल कर | ३०००० | २०००० | ५०००० |
| १.१.२.७ | | हवाइ उडान कर | २५००० | १०००० | ३५००० |
| १.१.२.८ | | ठेक्का कर | ७०००० | ० | ७०००० |
| १.१.२.९ | | ठेक्का कर | ५००० | ३०००० | ३५००० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २१०००० | ४५००० | २५५००० |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ८५००० | ० | ८५००० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तुर | १२५००० | ४५००० | १७०००० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ३३१००० | ५३००० | ३८४००० |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | ६०००० | १०००० | ७०००० |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | १०००० | २००० | १२००० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | ७५०० | १००० | ८५०० |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | १९७५०० | २०००० | २१७५०० |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ८५०० | ० | ८५०० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | २०००० | २०००० | ४०००० |
| १.१.४.८ | | सवारी साधन कर | १२५०० | ० | १२५०० |
| १.१.४.९ ख | | ब्याज कर | १५००० | ० | १५००० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | १०५५०० | ० | १०५५०० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | ६५०० | ० | ६५०० |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | १५०० | ० | १५०० |
| १.१.५.४ | | सावरी इजाजत दस्तुर | ८५०० | ० | ८५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | १३५०० | ० | १३५०० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ७५५०० | ० | ७५५०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ३०५५०० | ० | ३०५५०० |
| १.१.६.१ | | पिउने पानी महसूल | १५०० | ० | १५०० |
| १.१.६.२ | | पानीपोत | ६००० | ० | ६००० |
| १.१.६.३ | | विद्युत महसूल | ५०००० | ० | ५०००० |
| १.१.६.४ | | हुलाक सेवा | ५०००० | ० | ५०००० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १५००० | ० | १५००० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ७००० | ० | ७००० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ९२००० | ० | ९२००० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ४५००० | ० | ४५००० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ३९००० | ० | ३९००० |
| १.१.७.० | लाभांस | | १७८००० | ० | १७८००० |
| १.१.७.१ | | वित्तीय स.स्था | १४५००० | ० | १४५००० |
| १.१.७.२ | | व्यापारिक संस्था | १५०० | ० | १५०० |
| १.१.७.३ | | औद्योगिक संस्था | २०५०० | ० | २०५०० |
| १.१.७.४ | | सेवामूलक संस्था | ११००० | ० | ११००० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | ६५५०० | ० | ६५५०० |
| १.१.८.१ | | खानी रोयल्टी | ३००० | ० | ३००० |
| १.१.८.३ | | अन्य रोयल्टी | ५००० | ० | ५००० |
| १.१.८.४ | | अन्य विक्री | ५५००० | ० | ५५००० |
| १.१.८.५ | | टकमरी | ० | ० | ० |
| १.१.८.६ | | टक्सारको अन्य आय | २५०० | ० | २५०० |
| १.१.९.० | साँव र ब्याज | | २६६५०० | ० | २६६५०० |
| १.१.९.१ | | साँवा–कम्पनी र स.स्थानहरुबाट | २०७५०० | ० | २०७५०० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | ५७००० | ० | ५७००० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | २००० | ० | २००० |
| १.१.९.० | विविध आय | | ५०००० | ० | ५०००० |
| १.१.९.४ | | विविध आय | ५०००० | ० | ५०००० |

आ.ब. २०३८।३९ को यथार्थ र २०३९।४० को संशोधित अनुमान (राजश्व)

रु. हजारमा

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | आ.ब. २०३८।३९ को यथार्थ | आ.ब. २०३९।४० को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कूल जम्मा | २६७९५४० | ३०५५५५५ |
| १.१.१.० | भन्सार महसूल | | ८२५१४४ | ८१८६७१ |
| १.१.१.१ | | पैठारीबाट | ७३९५३६ | ७६४४९९ |
| १.१.१.२ | | निकासीबाट | ४२१५३ | १८००० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ४०४३७ | ३२१७२ |
| १.१.१.४ | | भन्सारको अन्य आय | ३०१८ | ४००० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुल्क र कर | | १००६१८८ | १२४८३७० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | २९३८९४ | ३५००४० |
| १.१.२.२ | | मदभट्टी ठेक्का रकम | ११७८५ | १४३३० |
| १.१.२.३ | | विक्री कर | ५९७३७७ | ७५०००० |
| १.१.२.४ | | मनोरञ्जन कर | १५१६५ | १६५०० |
| १.१.२.६ | | होटल कर | २३१३७ | ३०००० |
| १.१.२.७ | | हवाइ उडान कर | २१८६७ | २३००० |
| १.१.२.८ | | ठेक्का कर | ४२९६३ | ६२००० |
| १.१.२.९ | | सडक पुल सम्भार कर | ० | २५०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १७२४६० | १७८२७४ |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ८१७४६ | ६२५०० |
| १.१.३.३ | | पञ्चायत विकास तथा जग्गाकर (वक्यौंत) | २२८२ | ७६३ |
| १.१.३.४ | | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ८८३१२ | ११५००० |
| १.१.३.४ | | स्थानी विकास शुल्क | १२० | ११ |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | २०७५७३ | २७८५०० |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | ३७४३४ | ५०००० |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | २९३ | ७५०० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | २११ | १००० |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | १४३७०१ | १७४००० |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ८१२० | ७५०० |
| १.१.४.६ | | घर बहाल कर | ४७२ | ५०० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | ९२७३ | १२००० |
| १.१.४.८ | | सवारी साधन कर | २३५७ | ११००० |
| १.१.४.९ क | | ब्याज कर | ५७१२ | १५००० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | ५६८५९ | ७२०५६ |

| | | | | |
|---|---|---|---|---|
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | ३३८१ | ४६५९ |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रशन दस्तुर | ७ | ४ |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ७७६ | ८०० |
| १.१.५.४ | | सवारी इजाजत दस्तुर | ३०८८ | ५८०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ८५५१ | ९२२६ |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ४१०५६ | ५१५६७ |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | १८९३६९ | १९१९०३ |
| १.१.६.१ | | पिउने पानी महसूल | ४९० | ८०० |
| १.१.६.२ | | पानीपोत | ६३१ | १००० |
| १.१.६.३ | | विद्युत महसूल | ४०६६ | ८००० |
| १.१.६.४ | | हुलाक सेवा | २३९२१ | ३४८०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | ७७८९ | १५००० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ३३१५ | ३५०३ |
| १.१.६.७ | | वन क्षेत्रको आय | ११३६२५ | ६७३०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | १९२०१ | २९००० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | १६३३१ | ३२५०० |
| १.१.७.० | लाभांस | | १०६४३७ | १३३५०० |
| १.१.७.१ | | वित्तीय स.स्था | १०१०७२ | १२६८०० |
| १.१.७.२ | | व्यापारिक संस्था | ० | ५०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ५२८७ | ६००० |
| १.१.७.४ | | सेवामूलक संस्था | ७८ | २०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | १६८३० | १२३८८ |
| १.१.८.१ | | खानी रोयल्टी | १८१३ | २०५० |
| १.१.८.३ | | अन्य रोयल्टी | २४७१ | २६४८ |
| १.१.८.६ | | अन्य विक्री | १२५४६ | ७६९० |
| १.१.८.० | (क) टकमरी तथा टक्सार अन्य आय | | ५३०३ | ६९४५ |
| १.१.८.७ | | टकमरी | ३७२१ | ५५८३ |
| १.१.८.८ | | टक्सारको अन्य आय | १५८२ | १३६२ |
| १.१.९.० | साँव र ब्याज | | २९१८२ | ९४९४८ |
| १.१.९.१ | | साँवा–कम्पनी र स.स्थानहरुबाट | ११५३९ | ५४४४८ |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | १६२३२ | ३९१०० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १४११ | १४०० |
| १.१.९.० | विविध आय | | ६४१९५ | २०००० |
| १.१.९.४ | | विविध आय | ६४१९५ | २०००० |

(साधारण बजेट)

व्यय अनुमान

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०३८।३९ को यथार्थ | आ.ब. २०३९।४० को संशोधित अनुमान | आ.ब. २०४०।४१ को अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | १ | | | | |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | १२३३७ | १५८६३ | १७१६६ |
| | १.२ | राजसभा | ८९४ | १४२६ | १८३४ |
| | १.३ | राष्ट्रिय पञ्चायत | ५२५९ | ९८१९ | ८३९५ |
| | १.४ | महालेखा परिक्षकको विभाग | ४७४६ | ६४६६ | ८६२५ |
| | १.५ | सर्वोच्च अदालत | २५४२ | ५०२९ | ३७४३ |
| | १.६ | लोक सेवा आयोग | ४६७५ | ७८६० | ८८१३ |
| | १.७ | निर्वाचन आयोग | २८३०१ | ४९८७ | ३८५८ |
| | १.८ | गाउँफर्क राष्ट्रि अभियान | ८७५ | ९९० | १५४३ |
| | १.९ | अख्तियार दुरुपयोग निवारण आयोग | ७४३ | २९०० | १५५६ |
| | १.१० | पञ्चायत नीति तथा जाँबुझ समिति | ० | ४६३९ | ५९५६ |
| २. साधारण प्रशासन | २ | | | | |
| | २.१ | मन्त्रिपरिषद् | ३७६१ | ५००० | ५६२५ |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | ३१२१२ | ३९९३३ | ४३५९४ |
| | २.३ | जिल्ला प्रशासन | २८७६६ | ३५०४३ | ४०३०० |
| | २.४ | प्रहरी | १६२९४७ | २११०९७ | २४०६११ |
| | २.५ | कारागार | १७६७२ | २४८०० | २३६२० |
| | २.६ | विविध | ८२८८ | ९९४९ | १०७६१ |
| | २.७ | प्रशासन सुधार | ४५० | ० | १५० |
| ३. राजश्व प्रशासन | ३ | | | | |
| | ३.१ | मालपोत | २११३१ | २६४०५ | २८५२२ |
| | ३.२ | भन्सार | ११४२२ | १६३४२ | १८४१० |
| | ३.३ | अन्त:शुल्क | ६२७० | ७८०८ | ७८५० |
| | ३.४ | कर | ४९२८ | ६५९४ | ७५७२ |
| | ३.५ | राजश्व न्यायाधिकरण | १९८ | २४० | २५६ |
| ४. आर्थिक प्रशासन र योजना | ४ | | | | |
| | ४.१ | योजना | ७८० | १००६ | १४२७ |
| | ४.२ | तथ्याङ्क | ७४४ | ९०६ | ११४५ |
| | ४.३ | महालेखा नियन्त्रक कार्यालय | ८८५४ | २२७५० | २४६५१ |
| | ४.४ | मेट्रिक नापतौल | १५६७ | २१०० | २०४८ |
| | ४.५ | टक्सार | ७३०९ | ८४१५ | ० |
| ५.न्याय प्रशासन | ५ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५.१ | अदालत | २५५५९ | ३९००० | ४४०३४ |
| | ५.२ | अ.दु.पुनरावेदन अदालत | २२६ | २६३ | २६७ |
| ६.बैदेशिक सेवा | ६ | | | | |
| | ६.१ | ब्रैदेशिक सेवा | ४४२२० | ५८६५८ | ४७७४६ |
| | ६.२ | विविध | ५८९७ | ९२०७ | ११५११ |
| ७. रक्षा | ७ | | | | |
| | ७.१ | रक्षा | २३३२७९ | ३४४९३१ | ३९३६९५ |
| | ७.२ | विविध | ४९४९४ | ५६५१७ | ६९७३७ |
| ८. सामाजिक सेवाहरु | ८ | | | | |
| | ८.१ | शिक्षा | १०६७४२ | १३१००० | १३९९२३ |
| | ८.२ | स्वास्थ्य | ८०५४० | १२०४०० | १४१६२५ |
| | ८.३ | पाउने पानी | ३९४६ | ६५०० | ७८१६ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | ३१५६६ | ५८००० | ६७९१५ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | २६८३७ | ३१२०० | ३६७७८ |
| ९. आर्थिक सेवाहरु | ९ | | | | |
| | ९.१ | कृषि | ३७४६ | ४०५९ | ५४१५ |
| | ९.२ | सिंचाई | ३५९७ | ४७२७ | ६४३४ |
| | ९.३ | भूमिसुधार | १५६७४ | १८९०७ | २०७६७ |
| | ९.४ | नापी | ५३३७ | ७१३६ | ८१८२ |
| | ९.५ | बन | ५४०५ | ८७०० | ९१८९ |
| | ९.६ | उद्योग तथा खानी | ३४४४ | ४१९७ | ५१०६ |
| | ९.७ | सञ्चार | ४५२३८ | ५८००० | ७५५०१ |
| | ९.८ | यातायात | ४००६७ | ५२५०० | ६१७१४ |
| | ९.९ | विद्युत | ५४८१ | ७७०५ | ८३८८ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | २६३२ | ३४५४ | ३४८९ |
| १०.ऋण तथा लगानी | १० | | | | |
| | १०.१ | ऋण तथा लगानी | ७८७४ | १३४०० | २९१०८ |
| ११. साँवा र ब्याज भुक्तानी | ११ | | | | |
| | ११.१ | साँवा भुक्तानी | १०३७५५ | १०२०७० | १९१६१३ |
| | ११.२ | ब्याज भुक्तानी | १५२९२२ | २१३२०६ | ३२४०५६ |
| १२. विविध | १२ | | | | |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ९९८६ | १५००० | २५००० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | २१७१७ | ४५००० | ५२३५० |
| | १२.३ | अतिथि सत्कार | १०६ | २०० | २०० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | १८ | ० | १०० |
| | १२.५ | मुआब्जा | ७८६ | ८०० | १००० |
| | १२.६ | अन्य | ६३९०० | ९९०११ | ८२६०० |
| | १२.७ | भैपरी आउने | १५७७२१ | १४८४८५ | ४०००० |
| | | कूल जम्मा | १६३४३८३ | २१४०६०० | २४२९२९० |

(विकास बजेट)

व्यय अनुमान

रु. हजारमा

| मुख्य शिर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०३८।३९ को यथार्थ | आ.ब. २०३९।४० को संशोधित अनुमान | आ.ब. २०४०।४१ को अनुमान |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | | | |
| | २.७ | प्रशासन | २९४५ | ८४०९ | १६५३२ |
| ४. आर्थिक योजना र प्रशासन | | | | | |
| | ४.१ | योजना | ६१४२ | १३१५३ | २२०४३ |
| | ४.२ | तथ्याक | ८२३८ | १०५७४ | ८४५९ |
| ८. सामाजिक सेवाहरु | | | | | |
| | ८.१ | शिक्षा | ४१२३३४ | ५२१७२६ | ७४५३०० |
| | ८.२ | स्वास्थ्य | १५२८२० | १८०९८७ | ३१९९७२ |
| | ८.३ | पिउने पानी | १०७४७१ | १७०५८४ | २३३६०५ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | २७०३१८ | २९४३९७ | ४५०६५१ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ११६६६९ | १३०७१५ | ७९०६२ |
| ९. आर्थिक सेवाहरु | | | | | |
| | ९.१ | कृषि | ४६८००६ | ६६७१०९ | ८७९०१८ |
| | ९.२ | सिंचाई | ३५९६३० | ५१७६५४ | ८२९०८३ |
| | ९.३ | भूमिसुधार | १६३३८ | २०९८२ | २६७६० |
| | ९.४ | नापी | ३७७३४ | ४०७२१ | ५५०३६ |
| | ९.५ | बन | १८५४२२ | १९२५३९ | २८४५५७ |
| | ९.६ | उद्योग तथा खानी | २६६४७५ | ३३०४२५ | ७७७१२९ |
| | ९.७ | सञ्चार | ४९१५१ | ९३१९९ | १११६०९ |
| | | (क) हुलाक | -४८१६ | -४३६१ | -७८२९ |
| | | (ख) दूर संचार | -४४३३५ | -८८८३८ | -१०३७८० |
| | ९.८ | यातायात | ७४४०१९ | ७८२०१८ | १२२९०८१ |
| | | (क) सडक | -५४३३६९ | -४७३००४ | -९०२३७५ |
| | | (ख) पूल | -५६५७३ | -६०३९० | -८२३२७ |
| | | (ग) हवाई | -१४४०७७ | -२३४७५५ | -२४२८७९ |
| | | (घ) अन्य यातायात | ० | -१३८६९ | -१५०० |
| | ९.९ | विद्युत | ३८२१७२ | ६५७७२७ | ८८७६५१ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | ४७१८० | १२३०७९ | ५७७७५ |
| | | (क) वाणिज्य | -३३५४० | -१०२३६८ | -१७७१८ |
| | | (ख) श्रम | -२०८७ | -२८७१ | -५०४५ |
| | | (ग) पर्यटन | -४८४८ | -६२०१ | -९६८२ |
| | | (घ) हावापानी तथा जलविद्युत | -६७०५ | -९३६७ | -१३३५९ |
| | | (ङ) अन्य | ० | -२२७२ | -११९७१ |
| १२. विविध | | | | | |
| | १२.६ | अन्य | ५९२१७ | ३१४६२ | ५०००० |
| | १२.७ | भैपरी आउने | ३४६५० | २१०४० | ३०००० |
| | | | ३७२६९३१ | ४८०८५०० | ७०९३३२३ |